**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १५९ ★ ने. सं. ११४६ तछला गा, प्रतिपदा ★ बुधबार ★ १७ असार, २०८३ ★ July 1 , 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ४१

**थाहा खबर डटकम नयाँ बानेश्वरका सुरक्षा गार्ड किशोर घिमिरेको कागज व्यहोरा** :

भदौ २३ गते अन्दाजी ११.३० बजे माइतीघरतर्फबाट हजारौँको सङ्ख्यामा मानिसहरू नयाँ बानेश्वरतर्फ आउँदै गरेको देखेँ । अन्दाजी १२.३० बजे आन्दोलनकारीहरू निषेधित क्षेत्र तोडेर संसद् भवनतर्फ बढिरहँदा सुरक्षाकर्मीको तर्फबाट अश्रुग्याँस प्रहार भएको थियो । भिड आक्रामक हुँदै गएपछि सुरक्षाकर्मीको टोली पछाडि हट्दै संसद् भवनभित्र प्रवेश गऱ्यो । त्यसबेला प्रदर्शनकारीहरू तारबार, भित्ता, गेट भत्काएर "संसद् भवन कब्जा गरौँ" भन्दै हो-हल्ला गरिरहेका थिए । प्रदर्शनकारीहरूका हातमा पेट्रोल भरिएको सिसाका बोतलसमेत थिए ।

संसद् भवनतर्फबाट प्रहार गरिएको अश्रुग्याँस आकाशतर्फ गएर मुनि झर्ने हुँदा प्रदर्शनकारीहरूले हाम्रो अफिसको छतबाट गोलि प्रहार गरिरहेको हो कि भन्ने शङ्का गरे । यसैकारण ८-१० जना प्रदर्शनकारीहरूले ४ पटक हाम्रो अफिसको छतमासमेत गएर हेरे । आन्दोलनकारीहरूले हाम्रो अफिस नजिक आएर 'यो प्रचण्डेको हो, भोलि यसको आगो लाग्ने पालो' पनि भनेका थिए ।

भदौ २४ गते बिहान अन्दाजी ०८.०० बजेसम्म स्थिति सामान्य नै थियो । अं ०८.३० बजेको समयमा एउटा ट्रकमा नेपाली सेनाको टोली आएर हवाई फायर भयो । हवाई फायरपछि भिड थापाथली, माइतीघर र तीनकुनेतर्फ लाग्यो । त्यसपछि सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको सुरक्षाकर्मीले नयाँ बानेश्वर चोक र तीनकुनेतर्फ ब्यारिकेड लगाए । पौनेघण्टा जतिपछि नेपाली सेनाको टोली फिर्ता भयो । फेरि अन्दाजी अन्दाजी ११.०० बजेतिर प्रदर्शनकारीहरूले संसद् भवन जलाउन खोज्ने र प्रहरीले अश्रुग्याँस तथा गोली प्रहार गर्ने क्रम चलिरह्यो । त्यसबेला एउटा एम्बुलेन्स र एउटा मोटरसाइकल जलिरहेको थियो । हाम्रो अफिसमा पनि एउटा गोलीले गेट छेडेर चेन्जिङ रुमको भित्तामा प्वाल पारेको थियो । अन्दाजी ०१.०० बजे नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरीहरूले हार मानेर बाहिर निस्केपछि प्रदर्शनकारीहरूले संसद् भवन पूर्णरूपमा आगजनी गरे ।

अन्दाजी १७.४५ बजे प्रदर्शनकारीहरूले "यो प्रचण्डेको हो, जलाउनुपर्छ" भन्दै आगजनी गरे । एक घण्टाअगाडि नै अफिसको मेनस्वीच अफ गरेकोले धेरै क्षति हुन पाएन । प्रदर्शनकारीहरूले हाम्रो अफिसमा रहेको मोटरसाइकलबाट पेट्रोलसमेत निकालेर लगे ।

**थाहा खबर डटकम नयाँ बानेश्वरका सुरक्षा गार्ड नेत्रप्रसाद चौधरीको कागज व्यहोरा**

भदौ २३ गते बिहान अन्दाजी १२.३० बजे आन्दोलनकारीहरू निषेधित क्षेत्र तोडेर संसद् भवनतर्फ बढिरहेका थिए । भिड आक्रामक हुँदै गएपछि सुरक्षाकर्मीको टोली ब्याक हुँदै संसद् भवनभित्र प्रवेश गरे । सो दिन प्रदर्शनकारीहरू हाम्रो अफिसको ताला तोडेर भित्र प्रवेश गर्ने, लुक्ने र फेरि निस्कने गरिरहेका थिए । यो क्रम साँझ अन्दाजी १९.३० बजेसम्म चलिरह्यो ।

भदौ २४ गते अन्दाजी ०९.३० बजे प्रदर्शकारीहरू कोटेश्वर, शङ्खमूल, थापाथली र पुरानो बानेश्वरतर्फबाट भेला हुन थाले । हजारौँको सङ्ख्यामा भेला भएको भिडले ब्यारिकेड तोडेर संसद् भवनलाई चारैतिरबाट घेरे । आन्दोलनकारी र सुरक्षाकर्मीबिच मुठभेड भइरहँदा हाम्रो अफिसमा पनि एउटा गोलीले चेन्जिङ रुमको भित्तामा प्वाल पारेको थियो ।

अन्दाजी ०१.०० बजे नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रहरीहरू हार मानेर बाहिर निस्केपछि प्रदर्शनकारीहरूले संसद् भवन आगजनी गरे । त्यतिबेला नेपाली सेनाको उपस्थिति थिएन । बेलुका १८.०० बजेतिर प्रदर्शनकारीहरू प्रहरीको पोशाकमा बन्दुक बोक्दै विजय ऱ्याली निकालेर हो-हल्ला गरिरहका थिए ।

**महेशकुमार श्रेष्ठको कागज व्यहोरा** :

म २० वर्षदेखि नयाँ बानेश्वरमा "HARDFORD EDUCATION" सञ्चालन गरी विद्यार्थीहरूलाई विदेश पठाउने काम गर्दै आएको छु । भदौ २३ गते बिहान ११:०० बजे मानिसहरूको भिड एभरेस्ट होटल अगाडिको ब्यारिकेड तोडेर चोकमा जम्मा हुँदै गए । प्रदर्शनकारीहरूले संसद् भवनको पर्खाल भत्काए । उनीहरू संसद् भवनको १ नं. गेट नाघेर भित्र प्रवेश गर्दै थिए ।

अन्दाजी १४:१८ बजेतिर मेरो कार्यकक्षको पूर्वपट्टिको झ्यालको सिसामा एक्कासि गोली पड्केको आवाज आयो । हामी त्यहाँबाट भागेर अर्को कोठामा गई बस्यौँ र अन्दाजी १८:३० बजे घर-कोठा गएका हौँ ।

**शिवराम बाँडाको कागज व्यहोरा**

२०८२/०५/२४ गते आन्दोलनकारीहरूले नाराबाजी गर्दै प्रहरी प्रभाग कोटेश्वरमा तोडफोड तथा आगजनी गरे । आक्रमणपछि केही प्रहरी ज्यान जोगाउन मेरो होटलको छतबाट भाग्दै भित्र प्रवेश गरे । त्यसबेला लुगा च्यातिएको, चोटपटक लागेको, जुत्ता-चप्पल नभएको अवस्थामा प्रहरीहरू आएका थिए । प्रहरीहरूलाई बाहिर जाँदा ज्यानको खतरा हुन सक्ने भएकोले मैले होटलको विभिन्न कोठामा लुकाई बाहिरबाट चाबी लगाएर सुरक्षित गरेको हुँ । त्यसबेला आन्दोलनकारीहरूले मेरो होटलको गेटमा राखिएको सीसीटीभी, कौसीमा रहेको सोलार र झ्यालको सिसासमेत ढुङ्गाले हानेर

*बाँकी पृष्ठ ८ मा*

# भक्तपुर नगरपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा



भक्तपुर, असार १६ । भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गरिएको छ । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्दै प्रतिबद्धतामा हस्ताक्षर गर्नुभयो ।

राष्ट्रिय खोप कार्यक्रमअनुसार भक्तपुर नगरपालिकाका १० वटै वडामा वडास्तरीय पूर्ण खोप घोषणा भइसकेको र नगरपालिका स्वास्थ्य शाखाबाट ती वडाहरूमा भेरिफिकेसन गर्दा कुनै पनि बालबालिका खोपबाट छुट बच्चा नभेटिएकोले भक्तपुर नगरपालिकाका १६ देखि २३ महिलाभित्रका बालबालिकाहरू पूर्ण खोपयुक्त भएकोले भक्तपुर नगरपालिकालाई आज पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रत्येक बालबालिकाले समयमै नियमित खोप पाउने वातावरण सुनिश्चित गर्न जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा अभिभावक सबैको सक्रिय सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँले एक जना पनि बालबालिका खोपबाट छुट्न नहुने उल्लेख गर्दै नगरभित्र बसोबास गर्ने सबै लक्षित बालबालिकालाई अनिवार्य रूपमा पूर्ण खोप उपलब्ध गराउनु सबैको साझा दायित्व भएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउँदै भक्तपुरलाई स्वास्थ्य सेवाको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित नगरपालिका अघि बढिरहेको उल्लेख गर्दै यस अभियानलाई सफल बनाउन सबै पक्षको निरन्तर सहयोग आवश्यक रहेको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिन स्वास्थ्य सेवाको मूल मान्यता भएको बताउँदै खोप कार्यक्रमको महत्त्व अत्यन्त ठुलो रहेको उल्लेख गर्नुभयो । स्वस्थ र शिक्षित नागरिक नै समृद्ध समाज तथा राष्ट्र विकासको आधार भएकोले सबै बालबालिकाले समयमै पूर्ण खोप प्राप्त गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पूर्ण खोप सुनिश्चिततासहित स्वास्थ्य सेवाको दिगोपनाका लागि केही महत्त्वपूर्ण पक्षमा विशेष ध्यान दिन आवश्यक रहेको बताउँदै खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउन नियमित अनुगमन, सिकाइ तथा सेवा सुधारमा जोड दिनुपर्ने बताउनुभयो ।

सो अवसरमा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अन्जना खड्काले पूर्ण खोप सुनिश्चितता अभियान सफल बनाउन योगदान पुऱ्याउने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालाप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सबै बालबालिकालाई नियमित खोप सेवाको

*बाँकी पृष्ठ ८ मा*

**भक्तपुर नगरपालिका**
**नगरपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**हकदाबी गर्न आउनेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका वडा नं.७, हनुमानघाटस्थित साबिक चित्तपोल १ (क) कि.नं. ५ को पर्ती जग्गामा रहेको पुरानो हनुमानघाटपारी सत्तल तथा पाटी पुन: निर्माण गर्न लागिएको हुँदा उक्त भवन निर्माण सम्बन्धमा कुनै कसैको दाबी विरोध भएमा सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नगरपालिकामा प्रमाण र दाबी कागजसहित निवेदन गर्नुहुन सम्बन्धित सबै जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।





**साँगामा निर्माणाधीन 'अन्डरपास'**

बिस्तारित अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडकखण्डमा पर्ने काठमाडौँको पूर्वी नाका साँगामा निर्धाणाधीन 'अन्डरपास' । *तस्बिरः राजकुमार पराजुली/रासस*

# कर्णालीमा ४३ हजारभन्दा बढी हेक्टर क्षेत्रफलमा धानखेती हुँदै

काँक्रेविहार (सुर्खेत), १६ असार । कर्णाली प्रदेशका १० जिल्लामा ४३ हजार २९० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । हालसम्म १२ हजार १५५ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको प्रदेशस्थित कृषि विकास निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायका अनुसार सम्भावित धानखेती हुने क्षेत्रफलको करिब २८ दशमलव १५ प्रतिशतमा रोपाइँ सम्पन्न भइसकेको छ । सबैभन्दा बढी जुम्लामा ९५ प्रतिशत, डोल्पामा ९२ प्रतिशत, हुम्लामा ७५ प्रतिशत र मुगुमा ६८ प्रतिशत रोपाइँ सम्पन्न भएको उहाँले जानकारी दिनुभयो ।

निर्देशक रोकायका अनुसार कालिकोटमा ४८ प्रतिशत, सल्यानमा ४३ प्रतिशत, रुकुम पश्चिममा ३५ प्रतिशत, जाजरकोटमा २० प्रतिशत, दैलेखमा १२ प्रतिशत र सुर्खेतमा छ प्रतिशत मात्र रोपाइँ भएको छ । उहाँले सिँचाइको अभाव तथा मनसुनी वर्षा ढिलो सुरु हुँदा रोपाइँले अपेक्षित गति लिन नसकेको बताउनुभयो ।

असार १५ गते राष्ट्रिय धान दिवस मनाइरहँदा कर्णालीका धान उत्पादनका हिसाबले प्रमुख मानिने जिल्लाहरूमा पर्याप्त वर्षा नहुँदा रोपाइँ कम भएको उहाँको भनाइ छ । माथिल्लो कर्णालीमा उच्च चिसो सहन सक्ने चन्दननाथ-१ र चन्दननाथ-३ तथा केही स्थानीय तहमा कालीमार्सी धानको रोपाइँ हुने गरेको उहाँले बताउनुभयो ।

कर्णाली प्रदेशका मध्यपहाडी क्षेत्रमा खुमल-४, खुमल-८, खुमल-११, छोमरोङ तथा भित्री क्षेत्रमा राधा-४, राधा-१२, मन्सुली, सावित्री, बिन्धेश्वरी र चैते धानका जातको खेती हुने गरेको निर्देशक रोकायले जानकारी दिनुभयो ।

नेपालमा विसं २०६१ देखि असार १५ गतेलाई राष्ट्रिय धान दिवसका रूपमा मनाउन थालिएको हो । मन्त्रिपरिषद्को निर्णयअनुसार विसं २०६२ असार १५ गतेदेखि यस दिनलाई औपचारिक रूपमा राष्ट्रिय धान दिवसका रूपमा मनाउन थालिएको हो ।

जुम्लामा भने प्रत्येक वर्ष चैत १२ गते 'मार्सी धान दिवस' मनाउने गरिन्छ । कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद्ले जुम्लामा परम्परादेखि मनाउँदै आएको 'बारुवा' पर्वलाई मान्यता दिँदै चैत १२ गतेलाई आधिकारिक रूपमा धान दिवस मनाउने निर्णय गरेपछि यो परम्परा स्थापित भएको हो ।

नेपालमा ४१ लाख ३१ हजार कृषक परिवारमध्ये २७ लाख ६५ हजार परिवार धानखेतीमा आबद्ध रहेको निर्देशक रोकायले जानकारी दिनुभयो । कुल खेतीयोग्य जमिनको ५४ प्रतिशत क्षेत्रमा धानखेती हुने गरेको छ ।

धानबाली समुद्री सतहबाट ६० मिटरदेखि विश्वकै उच्च स्थानमध्ये एक मानिने कर्णालीको जुम्लामा तीन हजार ५० मिटर उचाइसम्म खेती गरिन्छ । नेपालमा आर्थिक वर्ष २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन धान उत्पादन भएको थियो । विगत पाँच वर्षमा धानको उत्पादकत्व प्रतिहेक्टर तीन दशमलव ८० मेट्रिकटनबाट बढेर चार दशमलव १९ मेट्रिकटन पुगेको जनाइएको छ ।

कर्णाली प्रदेशमा आर्थिक वर्ष २०८२/८३ मा कुल ४० हजार ८८४ हेक्टर क्षेत्रफलबाट करिब एक लाख ४७ हजार २५० मेट्रिकटन धान उत्पादन भएको निर्देशनालयले जनाएको छ ।

"अन्य प्रदेशको तुलनामा कर्णालीको रोपाइँ विशेष महत्त्वपूर्ण र फरक छ । माथिल्लो कर्णालीमा हुने मार्सी धान संसारकै अग्लो स्थानमा फल्ने र चिसो सहने जात हो । त्यहाँ रोपाइँ करिब सकिएको छ भने तल्लो जिल्लामा भर्खरै रोपाइँ सुरु भएको छ," निर्देशक रोकायले भन्नुभयो ।

विश्वव्यापी समस्याका रूपमा रहेको जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै धानको उत्पादन दिगो र उच्च बनाइराख्नु अहिलेको प्रमुख चुनौती भएको उहाँको भनाइ छ । उहाँले जलवायु अनुकूलित जात तथा जलवायुमैत्री सिँचाइ प्रविधिको विकास र विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जलवायु अनुकूलित खेती प्रणाली विकासका लागि नेपाल कृषि अनुसन्धान परिषद्ले सुक्खा सहन सक्ने सुक्खा-१, २, ३, ४, ५ र ६ तथा डुबान सहन सक्ने सावा मसुली सब-१ र सेहराङ सब-१, साथै सुक्खा र डुबान दुवै सहन सक्ने बहुगुणी-१ र २ जात विकास गरी किसानस्तरमा प्रवर्द्धन गर्दै आएको निर्देशक रोकायले बताउनुभयो ।

उहाँका अनुसार धानबालीका दुई हजार ५०० भन्दा बढी आनुवंशिक स्रोत राष्ट्रिय जीन बैङ्कमा सुरक्षित राखी जैविक विविधता संरक्षण, संवर्द्धन तथा जातीय विकासमा प्रयोग गरिएको छ । कालो धान, शुद्धोधन कालानमक, हरियो काउचिन, कालो पाल्ले, रातो अनदी, जोरायल बासमती, भिनुवा र एक्लेलगायतका जात दर्ता गरी पोषणयुक्त रैथाने धानको मूल्य शृङ्खला विकास गर्ने प्रयास भइरहेको छ ।

यस्ता रैथाने तथा स्थानीय जातको सूचीकरण गर्न कृषक समूह तथा समुदायलाई प्राविधिक र आर्थिक सहजीकरणसमेत गर्दै आइएको छ । कर्णाली प्रदेशमा धान उत्पादन र उत्पादकत्व वृद्धि गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

उन्नत तथा स्थानीय अनुकूल बीउबिजन वितरण, साना सिँचाइ संरचनाको विस्तार, रासायनिक तथा जैविक मलको उपलब्धता सुनिश्चित, प्रविधि प्रसार तथा कृषक तालिमलाई प्राथमिकता दिइएको छ । साथै, खडेरी सहन सक्ने तथा कम पानीमा उत्पादन हुने धानका जातको प्रवर्द्धन, साना सिँचाइ व्यवस्थापन र वर्षाको पानी सङ्कलनजस्ता जलवायु अनुकूलन प्रविधिलाई समेत प्रोत्साहन गरिँदै आएको निर्देशक रोकायले बताउनुभयो ।

धान अनुसन्धान, उन्नत जातको विकास तथा प्रयोग, मलको उपलब्धता र पहुँच विस्तारजस्ता कार्यक्रममार्फत उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय तथा सहकार्य महत्त्वपूर्ण हुने उहाँको भनाइ छ । कर्णालीका जुम्लाबाहेक अन्य जिल्लामा सोमबार राष्ट्रिय धान दिवस मनाइएको छ । ***रासस***

# धान दिवस : सिँचाइ सुविधा नहुँदा ५० प्रतिशत पनि रोपाइँ भएन

महेन्द्रनगर, १६ असार । मनसुनका देखिएको असन्तुलन र खडेरीका कारण कञ्चनपुरमा असार मध्यसम्म ५० प्रतिशत पनि रोपाइँ भएको छैन । गत वर्ष असार १५ अर्थात् धान दिवस मनाइरहँदा कञ्चनपुरमा ६५ प्रतिशत रोपाइँ सकिएको थियो ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार यो वर्ष समयमा वर्षा नहुँदा जिल्लाभरमा ४५ प्रतिशत रोपाइँ भएको छ । केन्द्रका प्रमुख धर्म साउँदले मनसुनमा भएको ढिलाइका कारण जिल्लामा रोपाइँ कम भएको बताउँदै जिल्लामा ४८ हजार ४९६ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको जानकारी दिनुभयो ।

जिल्लाभर सिँचाइका सुविधा ३९ हेक्टर क्षेत्रफलमा रहे पनि अधिकांश कृषकले आकाशे पानीको भरमा धानखेती गर्नुपरेको छ । केन्द्रका प्रमुख साउँदले गत वर्षभन्दा यस वर्ष वर्षा कम हुँदा रोपाइँमा ढिलाइ भइरहेको बताउनुभयो । केही दिनयताको गर्मीका कारण किसानले जेनतेन खेतमा लगाएको धान पनि सुक्न थालेको छ ।

केन्द्रका अनुसार यहाँका अधिकांश किसानलाई बोरिङको पानी तान्न पनि समस्या भइरहेको छ । वर्षा नभएकाले जमिनमुनिको पानी पनि सुक्न थालेकाले बोरिङबाट तान्न पनि समस्या भइरहेको साउँदले बताउनुभयो । उहाँले भन्नुभयो, "जमिनमुनि पनि पानीको तह घटिरहेको छ । सिँचाइ सुविधा नहुँदा किसानले धान रोप्न पाइरहेका छैनन् ।" असारको मध्य भइसक्दा पनि धान रोपाइँले अपेक्षित गति लिन सकेको नसकेको ज्ञान केन्द्रको भनाइ छ ।

कञ्चनपुरमा महाकाली सिँचाइ पहिलो र दोस्रो चरणअन्तर्गत भीमदत्त नगरपालिका, बेदकोट नगरपालिका, बेल्डाँडी गाउँपालिका र बेलौरी नगरपालिकाको ११ हजार ६०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ ।

त्यसैगरी, महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत कञ्चनपुरका साथै कैलालीको मालाखेती क्षेत्रसम्म ३३ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यसहित राष्ट्रिय गौरवको सिँचाइ आयोजना निर्माणाधीन छ । ***रासस***

# इसानद्वारा नियमित निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी एकदिने कार्यशाला गोष्ठी

भक्तपुर, १६ असार । संस्थागत विद्यालय सङ्घ, नेपाल (इसान) ले विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ 'नियमित निरन्तर मूल्याङ्कन (Continuous Assessment System - CAS) प्रणाली' सम्बन्धी एकदिने कार्यशाला गोष्ठी सम्पन्न गरेको छ । कार्यक्रममा विभिन्न संस्थागत विद्यालयका प्रिन्सिपल, शिक्षक तथा शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरूको सहभागिता थियो ।

इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले शिक्षण सिकाइ प्रक्रियामा आधुनिक तथा विद्यार्थीकेन्द्रित विधिको प्रयोग अपरिहार्य भएको बताउनुभयो । उहाँले बदलिँदो समयअनुसार शिक्षण पद्धतिमा नवीनता ल्याउन नसके गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन हुने उल्लेख गर्दै शिक्षकहरूले नवीन प्रविधि र प्रभावकारी मूल्याङ्कन प्रणालीलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुभयो । शिक्षालाई व्यवहारिक, सिर्जनात्मक र जीवनोपयोगी बनाउन नियमित निरन्तर मूल्याङ्कन प्रणाली अत्यन्त उपयोगी हुने उहाँको भनाइ थियो ।

कार्यशालाका प्रशिक्षक नानीराम सञ्जेलले नियमित निरन्तर मूल्याङ्कन प्रणालीका सैद्धान्तिक तथा व्यवहारिक पक्षबारे विस्तृत प्रशिक्षण दिनुभयो । उहाँले कक्षा कोठामा विद्यार्थीको सिकाइ उपलब्धि कसरी अभिलेखीकरण गर्ने, उपलब्धिका आधारमा प्रतिपुष्टि दिने, मूल्याङ्कनका विभिन्न उपकरणहरूको प्रयोग गर्ने तथा राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका मापदण्डअनुसार मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्ने विषयमा सहभागीहरूलाई व्यावहारिक अभ्यास गराउनुभयो ।

कार्यक्रममा इसानका महासचिव पुरुषोत्तम ग्वाछाले वर्तमान शैक्षिक प्रणालीमा नियमित निरन्तर मूल्याङ्कन विधिको आवश्यकता र यसको प्रभावकारिताबारे प्रकाश पार्नुभयो । उहाँले विद्यार्थीको सिकाइ उपलब्धिलाई वार्षिक वा त्रैमासिक परीक्षाले मात्र मूल्याङ्कन गर्न नसकिने उल्लेख गर्दै दैनिक कक्षाको सहभागिता, व्यवहार, सिर्जनात्मकता, परियोजना कार्य तथा व्यवहारिक गतिविधिलाई समेत मूल्याङ्कनको आधार बनाउनुपर्ने बताउनुभयो । यस प्रणालीले विद्यार्थीको समग्र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले विद्यालयमा नियमित निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यस्ता प्रशिक्षण तथा कार्यशालाले महत्त्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे । साथै, सिकाइ उपलब्धि सुधार, विद्यार्थीको सक्रिय सहभागिता वृद्धि तथा शिक्षण प्रक्रियालाई अझ प्रभावकारी बनाउन आगामी दिनमा पनि यस्ता क्षमता अभिवृद्धिका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइयो ।

कार्यक्रमको समापन गर्दै आयोजक संस्थाले प्राप्त सुझावलाई आगामी कार्यक्रममा समेट्दै संस्थागत विद्यालयमा गुणस्तरीय, व्यवहारिक र विद्यार्थीमैत्री शिक्षा प्रवर्द्धन गर्न इसान निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेको छ । कार्यक्रममा इसानको तालिम संयोजक कर्णबहादुर प्रजापतिले धन्यवाद ज्ञापन गर्नुभयो ।

# प्रहरीद्वारा करिब २० लाख बढीको अवैध 'आइफोन' बरामद

लुम्बिनी, १६ असार । रूपन्देही प्रहरीले भारतबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको करिब रु. २० लाख ५० हजार बराबरको 'आइफोन' बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय मझगावाँबाट खटिएको प्रहरी टोलीले कोटहीमाई गाउँपालिका-५ स्थित बेनिनगरमा सोमबार नेपालतर्फ आउँदै गरेको युपी ५६ डिएक्स ८८३८ नम्बरको भारतीय मोटरसाइकल चेकजाँच गर्दा एप्पल कम्पनीका विभिन्न मोडलका आइफोन फेला पारी बरामद गरिएका जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिनुभयो ।

प्रहरीले एप्पल कम्पनीका विभिन्न मोडलका ३५ थान आइफोन बरामद गरी मोटरसाइकलसहित आवश्यक कारबाहीको लागि भैरहवा भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ । ***रासस***

# बर्डफ्लु सङ्क्रमण : काभ्रेमा ४० हजार हाँस-कुखुरा नष्ट

काभ्रेपलाञ्चोक, १६ असार । काभ्रेमा बर्डफ्लु सङ्क्रमणका कारण हालसम्म ४० हजारभन्दा बढी हाँस तथा कुखुरा नष्ट गरिएको छ ।

केही हप्तादेखि बर्डफ्लु सङ्क्रमणका कारण धमाधम कुखुरा मर्न थालेपछि व्यावसायिक रूपमा पालिएका ४० हजार ७२९ हाँस तथा लेयर्स जातका कुखुरा नष्ट गरिएको जिल्ला पशु सेवा कार्यालय धुलिखेलले जनाएको छ ।

बनेपा नगरपालिका वडा नं ६ र १३, पनौती नपाको वडा नं ७, ८ र ९ का केही पोल्ट्री फार्ममा बर्डफ्लु सङ्क्रमण देखिएकाले हाँस र कुखुरा नष्ट गरिएको कार्यालयका वरिष्ठ पशु चिकित्सक डा. बज्रकिशोर ठाकुरले जानकारी दिनुभयो । उहाँका अनुसार मरेका कुखुरा तथा हाँसलाई खोला, झाडी र अन्य खुला स्थानमा जथाभावी फाल्ने प्रवृत्तिका कारण काग तथा अन्य जङ्गली चरामार्फत सङ्क्रमण थप फैलिएको प्रारम्भिक निष्कर्ष निकालिएको छ । कार्यालयले सङ्क्रमण नियन्त्रणका लागि परीक्षण, व्यवस्थापन तथा ओसारपसार नियन्त्रणका कामलाई तीव्र बनाइएको वरिष्ठ पशु चिकित्सक ठाकुरले बताउनुभयो ।

विशेषगरी प्रयोगशाला परीक्षणको नतिजा ढिलो प्राप्त हुँदा प्रदेश तथा स्थानीय तहले समयमै आवश्यक कदम चाल्न नसक्दा सङ्क्रमणदर बढ्दै गएको बताइन्छ । ठाकुरले व्यावसायिक पोल्ट्री फार्ममा बायोसेक्युरिटीका मापदण्ड कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिँदै कुखुराको खोरमा अनावश्यक व्यक्तिको प्रवेश रोक्न, प्रवेश गर्नैपरे सुरक्षाका उपाय अपनाउन, खोर तथा उपकरण नियमित रूपमा सफा राख्न र कुखुरा ओसारपसार गर्दा पूर्ण सरसफाइका मापदण्ड पालना गर्न आग्रह गर्नुभयो ।

## सङ्क्षिप्त समाचार

## लागूऔषधसहित पाँच जना पक्राउ

विराटनगर, १६ असार। कोसी प्रदेश प्रहरीले लागुऔषधविरुद्धको महाअभियानअन्तर्गत मङ्गलबार पाँच जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान सुरु गरेको जनाएको छ।

पक्राउ परेकाहरूको साथबाट ७९५ किलोग्राम गाँजा, छ ग्राम १० मिलीग्राम ब्राउन सुगर, एक थान मिनीट्रक र एक थान मोटरसाइकल बरामद गरेको कोसी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार इलाका प्रहरी कार्यालय भेडेटार धनकुटाबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले साँगुरीगढी गाउँपालिका-६ स्थितबाट को १ ख ४६३५ नम्बरको मिनीट्रकलाई शङ्का लागि जाँच गर्दा ट्रकको डालाभित्र आलुको बोराहरूले लुकाइछिपाइ २५ वटा प्लास्टिकको पोकामा ल्याउँदै गरेको ७७५ किलोग्राम गाँजासहित चालक सुनसरीको इटहरी उपमहानगरपालिका-१ का ३३ वर्षीय परीक्षण कुँवरलाई पक्राउ गरेको छ।

त्यसैगरी, इलाका प्रहरी कार्यालय राजारानीले साँगुरीगढी गाउँपालिका-५ का २४ वर्षीय विशेष राईलाई २० किलोग्राम गाँजा र बा६४प १४३५ नम्बरको मोटरसाइकल, मोरङको प्रहरी चौकी गछियाबाट खटिएको प्रहरी टोलीले सुन्दरहरैचा नगरपालिका-६ का बिकुल राई र ज्ञानेन्द्र विकलाई तीन ग्राम ५०० मिलीग्राम ब्राउन सुगर र इलाका प्रहरी कार्यालय पथरीले पथरीशनिश्चरे नगरपालिका-६ का प्रदीप मण्डललाई दुई हजार ५१० मिलीग्राम ब्राउन सुगरसहित पक्राउ गरेको प्रवक्ता थापाले जानकारी दिनुभयो। ***रासस***

## कोसी प्रदेशसभा बैठकको समय परिवर्तन

विराटनगर, १६ असार। कोसी प्रदेशसभाको मङ्गलबार दिउँसो १:०० बजे बस्ने भनिएको बैठकको समय परिवर्तन भएको कोसी प्रदेशसभा सचिव सुदर्शन खड्काले जानकारी दिनुभयो।

कोसी प्रदेशसभाको नवौं अधिवेशनको १६ औं बैठक असार ११ र १६ गते लगातार तोकिएको समय बस्न नसकेपछि कोसी प्रदेश सरकारको अनुरोधमा समय परिवर्तन गरिएको सचिव खड्काले बताउनुभयो।

प्रदेशसभा नियमावली, २०७४ को नियम ६ को उपनियम (३) बमोजिम सभामुख अम्बरबहादुर विष्टले अर्को बैठकका लागि आगामी असार १८ गते दिउँसो १:०० बजे बस्ने समय निर्धारण गर्नुभएको छ। ***रासस***

## जुम्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा

जुम्ला, १६ असार। जुम्लालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ।

जिल्ला खोप समन्वय समितिको आयोजनामा मङ्गलबार यहाँको एक नगरपालिकासहित सात गाउँपालिका गरी आठवटै स्थानीय तहलाई एक कार्यक्रमबिच पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको हो।

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख किरणकुमार शर्माले चालु आर्थिक वर्षमा यहाँका सबै स्थानीय तहका बालबालिकालाई पूर्ण रूपमा खोप लगाइएकाले पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा गरिएको बताउनुभयो।

जिल्लाका आठ स्थानीय तहका १५ महिनासम्मका दुई हजार ६८ र १६ देखि २३ महिनाका तीन हजार ३६४ बालबालिकालाई सबै प्रकारका खोप लगाइएको हो। प्रमुख जिल्ला अधिकारी दीपककुमार पौडलेले निरोगी हुनका लागि बालबालिकालाई सबै प्रकारका खोप लगाउनु अपरिहार्य रहेको बताउनुभयो।

जिल्ला खोप समन्वय समितिका संयोजक गौरीनन्द आचार्यले पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा गर्नका लागि महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी र स्थानीय तहको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो। समग्र जिल्लाको ६८ प्रतिशत खोपको प्रगति भएको छ। खोप केन्द्र सङ्ख्या ८९ वटा रहेका छन्। कार्यक्रममा जिल्लाका आठ स्थानीय तहका स्वास्थ्य शाखालाई सम्मान गरिएको थियो। ***रासस***

## रास्कोटमा खाद्यान्न अभाव नहुने

मान्म (कालीकोट), १६ असार। रास्कोट नगरपालिकाले वर्षामा खाद्यान्न मौज्दात राख्ने भएको छ। वर्षायाममा हुनसक्ने खाद्यान्न अभावलाई ध्यान दिँदै नगरपालिकाको खाद्य डिपोमा खाद्यान्न मौज्दात राख्ने भएको हो। वर्षायामलाई पुग्नेगरी खाद्यान्नको मौज्दात, भण्डारण अवस्था, वितरण प्रक्रिया, गुणस्तर तथा सर्वसाधारणलाई सहज रूपमा खाद्यान्न उपलब्ध गराउने गरी नगरपालकाले काम गरिरहेको नगरपालिका प्रमुख धर्मराज शाहीले बताउनुभयो।

उहाँले भन्नुभयो, "वर्षायाममा बाढीपहिराका कारणले सडक अवरुद्ध हुनेलगायत समस्याका कारणले खाद्यान्न ढुवानीमा समस्या हुन्छ। नगरपालिकामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडद्वारा सञ्चालन गरिएको खाद्य डिपोमा आवश्यक परिमाणमा खाद्यान्न मौज्दात गरिराखेको छौं।"

वर्षायाममा खाद्यान्न वितरण प्रक्रियालाई थप प्रभावकारी बनाउन तथा उपभोक्ताले सहज रूपमा सेवा पाउने वातावरण सुनिश्चित गर्न खाद्यान्न मौज्दात राख्ने निर्णय भएको प्रमुख शाहीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "नगरपालिकाभित्रका नागरिकलाई पुग्नेगरी खाद्यान्न मौज्दात राखिएको छ। रास्कोट नगरपालिकासहित आसपासका नागरिकलाई खाद्यान्न वितरणमा सहज बनाइने छ।" रास्कोट नगरपालिकाले नागरिकको खाद्य सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै आवश्यक समन्वय गरिने नगरपालिका उपप्रमुख मणिराज बरालले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "विपद् वा प्रतिकूल परिस्थितिमा नागरिकलाई खाद्यान्न अभाव हुन नदिन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग आवश्यक सहकार्यलाई थप प्रभावकारी बनाइने छ। त्यसका लागि आवश्यक अनुगमन तथा नगरपालिकाले रेखदेखको काम गर्नेछ।" ***रासस***



**परीक्षणका लागि लगाएको धान**

कृषि अनुसन्धान निर्देशनालय कर्णाली प्रदेशले लेकबेँसी नगरपालिका-४ दशरथपुरमा परीक्षणका लागि लगाएको वसन्त धान-२०२६ को परीक्षण हुँदै।

*तस्बिरः हेमन्त केसी/रासस*

## "एचआईभी सङ्क्रमितलाई अझै समाजले हेयको दृष्टिले हेर्दछन्"

टीकापुर, १६ असार। एचआईभी सङ्क्रमितलाई समाजमा अझै सम्मानजनक व्यवहार नभएकाले औषधि उपचार गर्दा टाढाको अस्पतालमा गएर सेवा लिने गरेका छन्।

सङ्क्रमित भनेपछि समाजले अझै हेयको दृष्टिले हेर्ने भएकाले आफू बसेकोभन्दा टाढा रहेका एआरटी सेन्टरमा गएर उपचार सेवा लिने गरेको बताउँछन्। लम्कीचुहाकी ७१ वर्षीया एक महिला सधैँ औषधिका लागि टीकापुर अस्पताल आउनुहुन्छ। लम्कीचुहा अस्पतालमा पनि एआरटी सेन्टर सञ्चालनमा छ तर त्यहाँ गए समाजमा पहिचान खुल्ने भएकाले टीकापुर आउने गरेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "श्रीमान् एचआईभीकै कारण बित्नुभयो, मलाई छैन भनेकी छु। थाह पाएमा समाजले सरसापटी पनि गर्दैनन्, त्यसैले आफन्तको घर जाँदैछु भनेर टीकापुर अस्पतालमा आएर सेवा लिन्छु।"

टीकापुर अस्पतालमा लम्की चुहा नगरपालिकाका मात्रै १६२ एचआईभी सङ्क्रमित बिरामी उपचारका लागि आउने गरेका छन्। टीकापुर अस्पतालमा सञ्चालनमा रहेको एआरटी सेन्टरबाट ५३१ जना एचआईभी सङ्क्रमितले सेवा लिइरहेका छन्। अस्पतालबाट एआरटी सेवा लिने एचआईभी सङ्क्रमितमा २०७ जना पुरुष, ३०४ जना महिला, ११ जना लैङ्गिक अल्पसङ्ख्यक, नौ जना बालबालिका छन्। अघिल्ला वर्षसम्म यो सङ्ख्या ९०० सम्म थियो। बसाइँसराइ तथा अन्य पालिकामा पनि एआरटी सेन्टर खुलेपछि केही बिरामी अर्को पालिकाबाट औषधि सेवन गर्न थालेका छन्।

सेन्टरमा कैलालीका नौ पालिका, बर्दिया र सुर्खेतका बिरामीले सेवा लिने गरेका छन्। यहाँबाट सेवा लिने टीकापुरका १३९ जना बिरामी छन् भने अरु बिरामी अन्य पालिकाका हुन्। एचआईभी सङ्क्रमितलाई अझै समाजमा सम्मानजनक व्यवहार नभएकाले धेरै बिरामी लुकेर उपचार सेवा लिने गरेको अस्पतालमा कार्यरत एड्स हेल्थ केयर फाउन्डेसन नेपाल (एएचएफ) नेपालले जनाएको छ।

टीकापुर अस्पतालमा सेवा लिन आउने बिरामीमा पहिचान खुल्ने डरले अन्य पालिकाका धेरै आउने गरेका छन् भने टीकापुरका केही बिरामी अन्य पालिका धनगढी, लम्कीचुहा गएर सेवा लिने गेका छन्।

टीकापुरमा एड्स हेल्थ केयर फाउन्डेसन नेपालद्वारा सञ्चालित सेन्टरले सन् २०१२ देखि काम गरिरहेको छ। संस्थाले एचआईभी एड्स निदान, उपचार र हेरचाहमा सघाउँदै आएको एएच एफ नेपालका काउन्सिलर मीनबहादुर बोहरा बताउनुहुन्छ। उहाँ भन्नहुन्छ, "चालु आर्थिक वर्षमा संस्थाले उपचारका लागि अन्यन्त्र जानुपर्दा समस्या भएका ८३५ जनालाई यातायात खर्च सघाएको छ। ३१६ जनालाई अस्पतालमा उपचार गर्न आउँदा पोषण सहयोगमार्फत खाना खुवाएको, स्वास्थ्य बीमामा नपाइने औषधि खरिद गर्नुपर्ने समस्या भएका २०१ जनालाई उपचार खरिदमा सघाएको, १२ जना बिरामीलाई आकस्मिक उपचारका लागि सघाएका छौँ।"

यसका साथै एचआईभी सङ्क्रमित सबै बिरामीलाई स्वास्थ्य बीमा आबद्ध गराउन सहयोग गर्ने गरेको छ। संस्थाले बिरामीले नियमति औषध सेवन गरे नगरेको निगरानी गर्ने, भाइरल लोड नियमित परीक्षणमा सघाउने गरेको छ। पालिकाअनुसार तथ्याङ्क हेर्दा टीकापुरका १३९, जानकीमा ८१, लम्कीचुहाका १६२, बर्दगोरियामा ५२, जोशीपुरमा ३३, भजनीमा १८, घोडाघोडी १८, मोहन्यालका ४४, धनगढीका एक, बर्दियाका नौ, सुर्खेतका एक जनाले यहाँबाट सेवा लिने गरेका बोहराले जानकारी दिनुभयो।

कैलालीमा चार स्वास्थ्य संस्थामा एआरटी सेवा सञ्चालनमा छन्। कैलालीको सेती अस्पताल, टीकापुर अस्पताल, लम्की चुहा अस्पताल, मालाखेती अस्पतालमा एआरटी सेवा सञ्चालनमा छ। एचआईभी सङ्क्रमितलाई पोषणको समस्या, नियमित आम्दानीमा समस्या भइरहेको छ। टीकापुर र लम्की चुहालगायतका केही पालिकाले पोषण सहयोग गरेपछि केही राहत भएको बिरामी बताउँछन्। मोहन्याल गाउँपालिकाकी ६८ वर्षीया अर्की महिला श्रीमान् बितेपछि घरमा कमाउने कोही नभएको, जग्गाजमिन पनि नभएकाले आफूलाई दैनिक गुजारा चलाउनै समस्या भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पेट भर्नकै लागि समस्या छ। एउटै छोरी थिइन् विवाह गरेर गइन्। मलाई हेर्ने कोही छैन, सरकारले दिएको सामाजिक सुरक्षा भत्ताले पुग्दैन, पोषणका लागि पनि मासिक सहयोग पाएको भए हुने थियो।"

इलाका प्रशासन कार्यालय टीकापुरका प्रमुख तारानाथ पनेरु एचआईभी सङ्क्रमितको उपचार र हकहितका लागि अस्पतालमा रहेको एआरटी सेन्टरले राम्रो काम गरिरहेको बताउनुहुन्छ। पनेरु भन्नुहुन्छ, "अझै समुदायमा रोग निदानका लागि काम गर्नुपर्ने र उपचारमा ल्याउन स्थानीय पालिकाले सघाउनुपर्छ। उनीहरूका समस्या समाधानका लागि स्थानीय सरकार, सङ्घसंस्था र सरोकारवाला सबैको समन्वय र सहयोग आवश्यक छ।" ***रासस***

## नेदरल्यान्ड्सलाई हराउँदै मोरक्को विश्वकपको अन्तिम १६ मा प्रवेश

काठमाडौँ, १६ असार। मोरक्कोले नेदरल्यान्ड्सलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ।

मेक्सिकोको मोन्टेरे स्टेडियममा सोमबार साँझ सम्पन्न खेलमा मोरक्कोले नेदरल्यान्डसलाई पेनाल्टी सुटआउटमा ३-२ गोलअन्तरले पराजित गर्दै विश्वकप फुटबलको अन्तिम १६ मा प्रवेश गरेको हो।

पराजयसँगै नेदरल्यान्ड्स विश्वकपबाट बाहिरिएको छ। पेनाल्टी सुटआउटमा नेदरल्यान्ड्सले सुरुआती गोल गर्दा मोरक्कोको प्रहार भने बाहिरिएको थियो। नेदरल्यान्ड्सको प्रहार असफल हुँदा मोरक्कोले गोल गर्यो। दुवै टोलीका एक प्रहार सफल भए र एक प्रहार विफल भए। अन्तिममा नेदरल्यान्ड्सको प्रहार मोरक्को गोलकिपरले बचाउँदा यता मोरक्कोले निर्णायक गोल गर्यो।

त्यसअघि खेलको निर्धारित ९० मिनेट र त्यसपछिको थप ३० मिनेटको अतिरिक्त समयममा दुवै टोलीले १-१ गोलको बराबरीमा खेलेपछि खेल पेनाल्टी सुटआउटमा गएको हो। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलमा दुवै गोल खेलको दोस्रो हाफमा भएको थियो।

खेलको ७२ औँ मिनेटमा नेदरल्यान्ड्सले पहिलो अग्रता लिएको थियो। उसका लागि कोडी गाक्पोकोले गोल गरे। उनले क्राइसेन्सियो समरभिलको पासमा गोल गरेर खेलमा पहिलो अग्रता लिएका थिए।

त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा मोरक्कोले बराबरी गोल फर्कायो। मोरक्कोका इसा डिओपले गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा ल्याए। उनले चेम्सडाइन ताल्बीको पासमा गोल गरेका हुन्। नेदरल्यान्ड्स जित नजिक पुगेका बेला मोरक्कोले बराबरी गोल फर्काएपछि खेल निकै रोमाञ्चक बनेको थियो।

त्यसअघि आजै बिहान अमेरिकाको बोस्टन स्टेडियममा सम्पन्न खेलमा दक्षिण अमेरिकी राष्ट्र पाराग्वेले जर्मनीलाई सडनडेथमा ४-३ ले पराजित गर्दै अन्तिम १६ मा प्रवेश गरेको थियो। खेलको निर्धारित ९० मिनेट र त्यसपछिको थप ३० मिनेटको अतिरिक्त समयममा १-१ को बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो।

जारी विश्वकप पेनाल्टी सुटआउटबाट निर्णय भएको यो पहिलो खेल हो। ***रासस***

। सम्पादकीय ।

# सरकारको मुख्य काम देश जोगाउने र बनाउने हो

सरकारको मुख्य काम देश जोगाउने र बनाउने हो। देश जोगाउन विदेशी शक्ति राष्ट्रहरूदेखि सरकार र सत्तारुढ दल सचेत हुनु जरुरी छ। आर्थिक सहयोग र विकास योजनाको प्रलोभनमा फसेर सरकारले देशको स्वाधीनता र सार्वभौमिकतामा ठेस लाग्ने कुनै पनि सन्धि सम्झौता गर्नु हुँदैन। देशलाई दूरगामी असर पर्ने काम र कुरा शासकहरूले गर्नु हुँदैन। बहुमत प्राप्त सरकारको काम र निर्णयमा कसैले केही गर्न सक्दैन भनी शक्तिको उन्मादमा देशविरोधी र जनविरोधी निर्णय गर्छ भने अन्य राजनीतिक दल र जनताले सशक्त विरोध गर्नुपर्छ। बहुमतको सरकारले जे निर्णय गरे पनि कसैले छेक्न सक्दैन, बाधा पुऱ्याउन सक्दैन भनी देशको मूल्य र मान्यताविपरीत, जनताको चाहनाविपरीत अघि बढ्छ भने त्यसको प्रतिकार नगरी सुखै छैन। सत्तारुढ दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूको नियत र गतिविधिले तिनीहरू कहाँबाट सञ्चालित छन् भन्ने कुरा थाहा हुन्छ।

कुनै पनि जनताको सरकारले देश विखण्डन गर्ने र कसैको दबाब, प्रभाव या लोभमा कुनै देशसँग मिलाउने देशघाती कुरा गर्दैन। कुनै जिम्मेवार नेता या व्यक्तिले देशघाती कुरा गर्छ भने जनताले त्यसको प्रतिकार नगरी हुँदैन। संविधानसभाको निर्वाचनताका आफूले भनेअनुसारको संविधान नबने तराई टुक्रा गर्ने, देशै नरहने चेतावनी दिएका नेताहरू पनि देखिए। देश र जनताको छातीमा कुल्चेर देशको विखण्डनको कुरा गर्ने हरेक शासकहरूलाई जनताले चिन्नुपर्छ। देश रहेन भने नेपाली रहने छैनन्। नेपाली रहँदैनन् भने नेपाल सरकार पनि रहनेछैन। देशविरोधी कुरा र देशविरोधी निर्णय गर्ने कुनै पनि शासकहरू देशभक्त हुने छैनन्। अरु दलको उठबसमा चल्ने दलहरूको आफ्नो भन्ने कुरा केही हुँदैन; उनीहरू अरुको भरमा टिकेका हुन्छन्। अतः सरकारले देशको विकासमात्र गरेर हुँदैन; देश पनि जोगाउनुपर्छ; देश जोगाउन सरकार देश र जनताप्रति समर्पित हुनुपर्छ।

सरकारले नेपाल एक स्वाधीन र सार्वभौम देश हो भन्ने कुरा संसारसामु चिनाउनुपर्छ। देशको लामो कालखण्डसम्म शासनको कुर्सीमा बसेर ज-जसले देशको सम्पत्तिमा आँखा गाडे, सम्पत्तिमा रजाइँ गरेर अकुत सम्पत्ति कमाए तिनीहरूको सम्पत्ति एक-एक छानबिन गर्नुपर्छ; छानबिन गरेर कारबाहीको घेरामा ल्याउनुपर्छ। कारबाहीको प्रक्रिया अघि बढाएको जस्तो गरेर छानबिन गर्ने, अनुसन्धानको नाउँमा दुई चार जना पक्राउ गर्ने खालको देखावटी काम गरेर अपराधीहरू पक्राउमा पर्दैनन्; अपराध लुकाउने चेष्टा गर्छ भने जनताले त्यसप्रति पनि खबरदारी गर्नुपर्ने हुन्छ। पदको दुरूपयोग गरी कमाइएको अकुत सम्पत्ति राष्ट्रियकरण नगरिएसम्म, विदेशमा सम्पत्ति राख्न नपाउने र भ्रष्टाचारीहरूलाई कडा कारबाही नगरिसम्म देशमा सुशासन हुनेछैन; देश समृद्ध र सुखी नेपाली हुनेछैनन्। अपराध र अपराधीलाई ढाकछोप गर्ने, जस्तो अपराध गरे पनि आफ्नो मान्छेलाई जोगाउने काम कुनै सरकारका नेता या मन्त्रीले गर्छ; गर्ने प्रयास गर्छ भने त्यसको विरोध गर्नैपर्छ। देशका भ्रष्टाचारी, कमिसनखोर, कालाबजारी, अपराधीहरूलाई कडा कारबाही नगरिएसम्म देशमा सुशासन सम्भव छैन।

देशमा स्वच्छ छवि भएका व्यक्तिहरूको सरकार बन्नुपर्छ। कुनै सत्तासीन दलका नेता र मन्त्रीले नेपाललाई विदेशीहरू खेल्ने परेड बनाउँछन्; विदेशी शक्ति राष्ट्रहरूको दबाब र प्रभावमा शासन गर्छन्; नेपाल र नेपालीभन्दा विदेश र विदेशी शक्ति राष्ट्रहरूको पक्षमा राजनीति गर्छन् भने त्यो कुनै पनि नेपालीको लागि सह्य हुनेछैन। सत्तासीन दलका होस् या प्रतिपक्षका कुनै पनि अपराधीलाई न्यायको कठघरामा उभ्याउनुपर्छ र कडाभन्दा कडा कारबाही गर्नुपर्छ। हिजो सत्तासीन दलका नेता र मन्त्रीहरूले देशघाती नागरिकता विधेयक पारित गरेर नेपालमा नेपालीहरूको अल्पमत पुऱ्याउन विदेशीहरू भित्र्याउने काम गरेका थिए। एमसीसी सम्झौता गरेर अमेरिकी सेनाले नेपालमा परेड खेल्ने, नेपालको गोप्य कुरा चुहाउने, आन्तरिक कुरा बुझेर पेल्ने काम गरेको घटनाक्रमले पुष्टि गर्दै छ। देशका प्रजातन्त्रवादी, समाजवादी या कुनै पनि वादीका दल र दलका नेता र मन्त्रीहरूले जहिल्यै नेपाल र नेपालीभन्दा कुनै दल, नेता र मन्त्री माथि छैनन् भन्ने कुरा बुझ्नुपर्छ।

विदेशी शक्ति राष्ट्रले नेपालको कमी कमजोरीमाथि फाइदा लिन अनेक जाल र कुचाल गरेको हुन्छ। षड्यन्त्रको तानाबाना बुन्न समाजमा अनेक व्यक्तिहरू घुसेका हुन्छन्। विकासप्रेमी र समाजसेवीजस्तो देखिए पनि उनीहरूको भित्री मन र रहस्य अर्कै हुन्छ। देशमा बढ्दै गएको कम्युनिस्ट पार्टीको आन्दोलन र कम्युनिस्ट पार्टीलाई बदनाम गर्न, धुजाधुजा पार्न पैसाको व्यापक चलखेल हुन्छ। उनीहरूको चलखेलमा सर्वसाधारण जनता त के शासकहरू नै आर्थिक प्रलोभनमा फस्छन्। जनताको सांस्कृतिक स्तर नउठेसम्म, सैद्धान्तिक र वैचारिक ज्ञान नभएसम्म र परिवर्तन बहुमत जनताको निम्ति हुनुपर्छ भन्ने धारणा श्रमजीवी जनतामा नभएसम्म यहाँ अल्पमतले बहुमतमाथि शासन गरिरहन्छ। अतः कुनै पनि दलको सरकार विदेशी शक्ति राष्ट्रको दबाब र प्रभावमा फस्नु हुँदैन। यसतर्फ सरकार र सत्तासीन दलका नेता र मन्त्रीहरू गम्भीर हुनुपर्छ।

जुन दलको नेतृत्वमा बने पनि सरकार देश र जनताप्रति जिम्मेवार हुनुपर्छ। सरकार कहिले पनि विदेशी शक्ति राष्ट्रसामु झुक्नु हुँदैन। कुनै पनि देशले नेपाल र नेपालीलाई मर्का पर्ने, दूरगामी असर पर्ने काम गर्छ भने त्यसको विरोध गर्नुपर्छ र सहयोगको भावले कुनै विकास योजना ल्याउँछ भने समर्थन पनि गर्नुपर्ने हुन्छ। कुनै विकास योजना र आर्थिक सहयोग गर्ने नाउँमा देशविरोधी सर्त राख्छ, त्यो सर्तमा सरकारले आँखा चिम्ली समर्थन गर्छ भने त्यसको कडा शब्दमा विरोध गर्नुपर्छ। तर, नेपालका शासकहरू ठुला देशका राष्ट्र प्रमुखहरूसमक्ष आफ्नो विचार निर्धक्कसँग पोख्दैनन्; देशलाई परेको मर्काबारे बोल्दैनन्। नेपाल सरकारको यस्तै कमजोरीले गर्दा देश विदेशीहरूको कठपुतलीजस्तो बनेको हो; देश परनिर्भर हुँदै गएको हो। यो राम्रो सङ्केत होइन।

# राहतको निहुँमा अमेरिकाले भेनेजुयलामा सेना पठायो

● गेरी विल्सन

सन् २०२६ जून २४ को रात। भेनेजुयलाको उत्तरी तटमा जुम्ल्याहा भूकम्प आयो। भेनेजुयला सरकारले जून २६ गते जारी गरेको आधिकारिक तथ्याङ्कअनुसार कम्तीमा ९२० जना मानिसको मृत्यु भयो भने कम्तीमा ३३६० जना मानिस घाइते भए। ५० हजारभन्दा बढी मानिस हराएको खबर छ। परिवारहरू आपसमा भेट भएपछि हराउनेहरूको सङ्ख्या घट्ने बताइएको छ। ला ग्वाइरा राज्य भूकम्पले सबैभन्दा बढी क्षतिग्रस्त राज्य हो। भग्नावशेष हटाउने भारी उपकरणहरू नपाएपछि त्यहाँ मानिसहरूले गैंटी, हथौडा र खाली हातले भग्नावशेषहरू हटाउँदै छन्।

अमेरिकी सेनाको दक्षिणी कमान्डले जमिन र पानी दुवैमा चल्न सक्ने जहाजी बेडा फोर्ट लौडरडेल (USS Fort Lauderdale) र तटीय युद्धमा अभ्यस्त बेडा बिलिङ्स (USS Billings) लाई भेनेजुयला पठाएको छ। साथमा उसले दुई विमान (C-17 Globemaster र C-130 Hercules) पनि पठाएको छ।

मरिन कोरका मेजर जनरल केभिन जे. जेरार्डले यसअघि चौथो मरिन डिभिजनको नेतृत्व गरेका थिए। जून २५ को रात उनी भेनेजुयलाको राजधानी काराकस सहर पुगे। भेनेजुयली भूमिमा अमेरिकी युद्ध मन्त्रालयका अपरेसनहरूको निर्देशन गर्न उनी त्यहाँ पुगेका थिए। उद्दार कार्यका लागि कसैले पनि मरिन जनरललाई पठाउने चलन छैन। यस्ता जनरलले खासमा युद्ध, कब्जा र अतिक्रमणको लागि सेनाको कमान सम्हाल्ने तालिम पाएका हुन्छन्।

दुवै युद्धबेडालाई यसअघि नै 'अपरेसन दक्षिणी भाला' (Operation Southern Spear) मा खटाइएको थियो। यी तिनै युद्धबेडा हुन् जसलाई पेन्टागनले भेनेजुयलाका राष्ट्रपति निकोलस मदुरो र सिलिया फ्लोरेसको अपहरणमा प्रयोग गरेको थियो। ती युद्धबेडाले त्यस अपहरणमा संलग्न अमेरिकी विशेष सैन्यबललाई सहयोग गरेका थिए। आज भेनेजुयली राष्ट्रपति मदुरो न्युयोर्क सहरमा अमेरिकी थुनामा हुनुहुन्छ।

काराकसमा अमेरिकी मरिन जनरलको आगमनको अर्थ निकाल्नुअघि बुझ्नुपर्ने तथ्य के भने हो आज भेनेजुयला अमेरिकी कब्जामा छ।

यस कब्जाका विभिन्न आयाम छन्; आफै लाइसेन्स जारी गर्ने, बैङ्क खाता बन्द गर्ने, तेल बेच्न अनुमति नदिने, भुक्तानी रोक्का गर्ने, राष्ट्रपति अपहरण गर्ने र राजस्व कब्जा गर्ने।

हाल भेनेजुयलामा राष्ट्रपति डेल्सी रोड्रिगेज कायममुकायम राष्ट्रपति हुनुहुन्छ। भूकम्प जानुभन्दा अगाडिदेखि नै उहाँले वासिङटनले थोपरेको सर्तमा शासन गर्दै हुनुहुन्छ। अमेरिकी राजकोष मन्त्रालयको 'विदेशी सम्पत्ति नियन्त्रण कार्यालय' (OFAC) ले यसअघि नै भेनेजुयालमाथि छायाँ अर्थमन्त्रालयको रूपमा काम गर्दै आएको छ। भेनेजुयलाले कुन तेल सम्झौता गर्ने, कुन कम्पनीले काम गर्ने र पैसा कहाँ जाने आदि निर्णय सोही कार्यालयले गर्छ। यो परिबन्द भूकम्पले ल्याएको होइन। बरु, भेनेजुयलामाथि अमेरिकी कब्जालाई पछिल्लो भूकम्पले मानवीयताको जामा लगाइदिएको हो।

ला ग्वाइरा र काराकसका उद्दारकर्मीहरूले आफूसँग भएका उपकरणको मद्दतले जनताको ज्यान जोगाउँदै छन्। जनताले भग्नावशेषमा पुरिएका छिमेकीलाई बाहिर निकाल्दै छन्। कातिया ला मारका बासिन्दाले ट्रकहरू रोकेर सडकमै रोटी र पानी झार्न भने। सरकारले दिन नसक्ने राहत वितरण गर्न भालेन्सियाका स्वयंसेवीहरूले रातभर गाडी चलाएर लामो यात्रा गरे। साथै, भुइँ तहका सङ्घ सङ्गठनले राहतका लागि देशैभरि खाना, लुगा र औषधिहरू जम्मा गरे। तिनले विस्थापितहरूका लागि अस्थायी बासस्थान बनाए।

भेनेजुयली सेनाले भूकम्पग्रस्त क्षेत्रमा घुम्ती टोलीहरू पठायो। मेक्सिको, डोमिनिकन रिपब्लिक र एल साल्भाडोरबाट २४ घण्टाभित्रै आपत्कालीन टोलीहरू पनि आए। यसपछि कोलम्बिया र ब्राजिलबाट सहयोगी ब्रिगेडहरू आए। कामचलाउ राष्ट्रपति रोड्रिगेजले बोलिभारियाली राष्ट्रिय गार्डका कमान्डर मेजर जनरल अर्नेस्टो सुल्बरान क्विनतेरोलाई आपत्कालीन परिस्थिति सम्हाल्ने पूर्ण जिम्मेवारी दिनुभएको छ। उहाँले भूकम्प प्रभावित क्षेत्र ला ग्वाइरालाई सैन्य प्रशासनअन्तर्गत राख्नुभएको छ।

यही हो बोलिभारियाली क्रान्तिको सङ्गठनको आधार - कम्युन, कम्युन परिषद्, मजदुर सङ्गठन, सशस्त्र बल र राज्य संरचना। भूकम्पपछि यी सबै आआफ्ना स्थानबाट क्रियाशील भएका छन्। अमेरिकी कब्जापछि बचेखुचेका स्रोतसाधनको मद्दतले उनीहरूले जतिसक्दो उद्दार र राहतका काम गर्दै छन्।

अमेरिकाको लामो नाकाबन्दीपछि भेनेजुयलाको हात बाँधिए जस्तो भयो। हात बाँधिएकै अवस्थामा उसले भूकम्पीय महाविनाशको सामना गर्दै छ। सन् २०१७ मा डोनाल्ड ट्रम्पले भेनेजुयलाविरुद्ध आर्थिक प्रतिबन्ध चर्काएका थिए। राष्ट्रपति बाइडेनले त्यसलाई जारी राखे र प्रतिबन्ध थप कसिलो पारे। झन्डै एक दशकमा भेनेजुयलाको अर्थतन्त्र झन्डै ८० प्रतिशत खस्केको छ। ८० लाखभन्दा बढी जनता देश छोड्न बाध्य भएका छन्। अस्पतालहरूमा आवश्यक सामग्रीको आपूर्ति ठप्प छ। विकास निर्माण र मर्मत सम्भारको लागि बजेट ख्वात्तै घटेको स्थिति छ।

भारी आकारका उद्दार उपकरण र अन्य सामग्री प्रदान गर्ने सरकारी क्षमता नाकाबन्दीका कारण पङ्गु बनेको छ।

अमेरिकी कब्जाले भूकम्प भनेन। भूकम्पको बेला पनि कब्जा रोकिएन।

जून २५ गते अमेरिकाको राजकोष मन्त्रालयले जनरल लाइसेन्स-६० जारी गऱ्यो। यो आदेशअनुसार राहतका लागि मात्र विदेशीसँग पैसाको लेनदेन गर्न मिल्नेछ। तर, विदेशमा राखिएको भेनेजुयली धन भने अझै रोक्कामा छ। यसको अर्थ क्षतिग्रस्त भेनेजुयलालाई सहयोग गर्न वासिङटनको अनुमति लिनुपर्छ।

भेनेजुयला सरकारले आज पनि आफूले 'बैङ्क अफ इङ्ल्यान्ड' मा राखेको सुन छुन पाएको छैन। अन्तर्राष्ट्रिय मुद्राकोषमा आफैले जम्मा गरेको ५ अर्ब डलर बराबरको रकमलाई उसले खुला रूपमा प्रयोग गर्न पाएको छैन। तेल निर्यात गरेर आउने राजस्व अझै पनि अमेरिकी चौकीबाट गुज्रिनुपर्छ।

बैङ्किङको भाषामा भन्नुपर्दा यो पनि एकखाले कब्जा हो।

विश्वले भेनेजुयलाप्रति जाहेर गर्ने ऐक्यबद्धता यिनै तथ्यबाट सुरु हुन्छ। भेनेजुयलाप्रति ऐक्यबद्धता जाहेर गर्नुको अर्थ हो - भेनेजुयली सरकारले विदेशमा रहेको आफ्नो सुन, रोक्का गरिएको बैङ्क खाता र निर्यातबाट आउने राजस्व निःसर्त उपभोग गर्न पाउनुपर्छ। भूकम्पग्रस्त क्षेत्रमा अमेरिकी मरिन जनरलको प्रवेशलाई अर्को अर्थ लगाउन पाइँदैन। त्यसलाई उद्दारको निहुँमा भेनेजुयलामाथि कब्जाकारी जरा गाड्ने योजना भन्नुपर्छ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*



सन्दर्भ : क्रिस हानी जन्म दिवस (जून २८)

# अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता क्रिस हानी – ५

सन् १९९० फेब्रुअरी २ मा दक्षिण अफ्रिकी राष्ट्रपति डे क्लार्क (De Klerk) ले स्वतन्त्रता आन्दोलनमाथि लगाइएको प्रतिबन्ध फुकुवा गरे । सन् १९८० को दशकको उत्तरार्द्धमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेस एउटा सम्पन्न सङ्गठन बनिसकेको थियो । तथापि पाङ्गो र क्वाट्रो शिविरको विद्रोहले मुक्ति आन्दोलनभित्रका नालीबेली छताछुल्ल पारेको थियो । युनिटासँगको लडाइँमा लडे पनि आफ्नै देशभित्र लड्न नपाएको थकथकी थियो नै । उनीहरू जोहान्सबर्ग र केपटाउनका सडकहरूमा आमनेसामने लड्न चाहन्थे र रङ्गभेद अन्त्य गर्ने क्रान्तिकारी सपना पूरा नहुँदै विदेशी भूमिमै उमेर ढल्केकोमा पनि पछुताउँथे ।

क्रिस हानी दक्षिण अफ्रिकी योद्धाहरूलाई अङ्गोलाको क्रान्तिमा मात्र खटाउने विचारसँग सहमत थिएनन् । तर, काङ्ग्रेस सभापति टाम्बोको सामोरा मशेल र फ्रिलिमोसँग नजिकको सम्बन्ध थियो । उनी क्षेत्रीय एकताबद्ध सङ्घर्षमा जोड दिन्थे । उनी अन्तर्राष्ट्रवादी विचारका थिए ।

स्वतन्त्रता सङ्घर्षमाथिको प्रतिबन्ध फुकुवा भएसँगै नेल्सन मन्डेलालाई पनि रोबेन टापु कारागारबाट मुक्त गरियो । यसअघि सन् १९८९ अक्टोबरमा गोभान एम्बेकी, वाल्टर सिलुलुलगायत काङ्ग्रेसका नेताहरूलाई पनि रोबेन टापु कारागारबाट मुक्त गरिएको थियो । प्रवासिएका नेता-कार्यकर्ता र जनता क्रमश: स्वदेश फर्किँदै थिए । क्लार्कको घोषणाअघि लन्डनमा स्वतन्त्रता आन्दोलनकारी र गोरा शासकहरू (तीमध्ये प्रायश: व्यापारीहरू थिए) बिच वार्ता भएको थियो । त्यसैलाई आधार मानेर काङ्ग्रेसका उच्चपदस्थ पदाधिकारीबिच केही परिवर्तनको चर्चा चलेको थियो । लन्डन वार्तामा काङ्ग्रेसको तर्फबाट थाबो एम्बेकीले नेतृत्व गरेका थिए ।

राष्ट्रपति क्लार्कले दक्षिण अफ्रिकी संसद्मा भने, “सम्पूर्ण जनताका प्रतिनिधि नेताहरूबिच सहमतिबाट मात्र दिगो शान्ति दिन सक्छ भन्नेमा अफ्रिकाका व्यापक जनताको एकमत बन्न थालेको छ ।” फौजदारी अभियोग खेपेका आन्दोलनकारीबाहेक सम्पूर्ण राजबन्दीहरूलाई रिहा गरियो । स्वीडेनमा टाम्बोले निर्णयको सावधानीपूर्वक स्वागत गर्दै दक्षिण अफ्रिकामा रङ्गभेद प्रणाली पूर्णरूपमा ध्वस्त नभएसम्म दक्षिण अफ्रिकामाथि दिइँदै आएको दबाब चालु राख्न आग्रह गरे । काङ्ग्रेस केन्द्रीय कार्यसमिति र रिहा भएका नेताहरूबिच स्टकहोममा आकस्मिक बैठक बस्यो । आगामी राजनीतिक मार्गचित्र कोर्नु नै त्यो बैठकको पहिलो उद्देश्य थियो ।

सन् १९९० फेब्रुअरी ११ को दिन नेल्सन मन्डेला जेलमुक्त भए । मे महिनामा उदारपन्थी राजनीतिकर्मी फ्रेडरिक भान जेल स्लाबर्टलगायत रङ्गभेदी सरकारका सुरक्षा प्रमुखहरू अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको नेतृत्वसँग भेट्न लुसाका पुगे । उनीहरू दक्षिण अफ्रिकालाई प्रजातान्त्रिक दिशामा डोऱ्याउन मेलमिलाप र सहमतिको विषयमा छलफल गर्न त्यहाँ पुगेका थिए ।

क्रिस हानी भने तत्काल सशस्त्र सङ्घर्ष परित्याग गर्ने नीतिको विपक्षमा उभिए । धेरै विषय अझ पनि समाधान भई नसकेको अवस्थामा त्यो नीति लिनु आत्मघाती हुने उनको ठहर थियो । “स्वतन्त्र राजनीतिक गतिविधिमाथि रोक लगाउने ऐन-कानुनहरू विद्यमान रहेको अवस्थामा एकपक्षीय ढङ्गले सशस्त्र क्रान्ति त्याग्नु अवस्तुगत छ,” उनले भने ।

एमकेको महत्त्वबारे बहस गर्दै उनले भने, “एमके सशस्त्र सङ्घर्ष परिचालक हो, उत्प्रेरक हो ।” एमकेसँग थोरै मात्र स्रोतसाधन हुँदा पनि युद्ध लडेको र दृढतापूर्वक अघि बढेको तथ्य दक्षिण अफ्रिकी युवाहरूको लागि गौरवको विषय थियो ।

लुसाका बैठकबाट केही महत्त्वपूर्ण सहमतिहरू भए - सैनिक भर्ती गर्नमा रोक लगाउने, सेना ५० प्रतिशतले घटाउने, कमान्डो प्रणाली खारेज गर्ने, भिड नियन्त्रणको लागि तालिम प्राप्त प्रहरीले नि:शस्त्र हुनुपर्ने, दक्षिण अफ्रिकी रक्षा दल (एसएडीएफ), एमके, मातृभूमि सेना र अन्य मुक्ति सङ्घर्षका सेनासहित दक्षिण अफ्रिकी सेना पुनर्गठन गर्ने आदि । लुसाका बैठकपछि हानीले रङ्गभेदी नेसनल पार्टी विभाजित र कमजोर हुँदै गएको निष्कर्ष निकाले । राष्ट्रिय काङ्ग्रेस क्रमश: व्यापक र शक्तिशाली बन्दै थियो । काङ्ग्रेसमा काला जातिका व्यापारी र नेताहरू एकपछि अर्को गरी आबद्ध भइरहेका थिए । त्यस्तो परिस्थितिमा क्रिस हानीले कार्यकर्ताहरूलाई राजनीतिक प्रशिक्षण दिनमा जोड दिए । निष्क्रियताले गर्दा भयावह अवस्था सिर्जना गर्न सक्दथ्यो । “हामीले कार्यकर्तालाई सङ्घर्ष र वार्ता दुवै आवश्यक भएको सिकाउनुपर्छ । वार्ता असफल भए पनि फेरि सङ्घर्ष गर्नेछौँ । मलाई लाग्छ, हाम्रा शत्रुहरूको छलछामबाट हाम्रा कामरेडहरू चुपचाप नबसून् भनी हामीले कडा सङ्घर्ष गर्नुपर्छ,” हानीले भने ।

**दक्षिण अफ्रिकामा**

सन् १९९० मे ४ को दिन सरकार र अफ्रिकी राष्ट्रिय काङ्ग्रेसबिच ऐतिहासिक ग्रोट शूर माइन्युट (Grote Schuur Minute) मा हस्ताक्षर भयो । २८ अप्रिलको दिन क्रिस हानीले वर्षौंपछि जान स्मुट्स विमानस्थलको दक्षिण अफ्रिकी माटोमा पाइला टेके । उनलाई भर्खर रोबेन टापुबाट रिहा भएका टोकियो सेक्सवेलले स्वागत गरे ।

दक्षिण अफ्रिका फर्केपछिका दिनहरूमा क्रिस हानी र नेल्सन मन्डेलाकी श्रीमती बिन्नी मन्डेलाबिच निकट राजनीतिक सम्बन्ध रह्यो । गोरा दक्षिण अफ्रिकी कुलीनवर्गको निम्ति यो सम्बन्ध पाच्य हुन सकेन । तत्कालीन राजनीतिक अवस्थामा उनीहरू दुईजना मिलेर छुट्टै विद्रोही दल स्थापना गर्दै छन् भन्ने चर्चा चलेको थियो । तर, सन् १९९१ मे महिनामा बिन्नीलाई अनेक लाञ्छना लगाइयो र मन्डेलासँग सम्बन्ध विच्छेद भयो ।

हानीको अधिकांश समय कम्युनिस्ट पार्टीको सङ्गठन विस्तारमा व्यतीत भयो । ब्लेड एनजिमान्डे (Blade Nzimande) जस्ता युवाहरूको नेतृत्वमा पार्टीलाई जनस्तरमा पुऱ्याउन उनी सक्रिय थिए । त्यहीबिच उनी सन् १९९१ मा दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको महासचिव पदमा चुनिए । त्यसअघिका महासचिव जिओ स्लोभोलाई हृदयघात भएकोले उनी सक्रिय राजनीतिमा थिएनन् । स्लोभोका योग्य उत्तराधिकारी प्रमाणित हुन हानीले दिनरात मेहनत गरे र आफ्नो बृहत् व्यक्तित्व र क्षमता प्रदर्शन गर्न सफल भए । उनी पार्टी संरचनामा रहेका व्यक्तिहरूसँग सकेसम्म आत्मीय व्यवहार गर्थे, ताकि उनीहरूलाई क्षमताअनुसारको जिम्मेवारी दिन सकियोस् । ५६ वर्षका क्रिस हानीमा गम्भीरता र परिपक्वता उचाइमा पुगिसकेको थियो ।

१९९० जुलाई १३ मा जोहान्सबर्गमा दक्षिणपन्थी समूहले गरेको बम विस्फोटमा परी २७ जना सर्वसाधारण घाइते भए । जातिवादीहरूले आफ्ना मित्रहरूको रिहाइको माग गर्दै त्यो विस्फोट गराएका थिए । त्यसको महिना दिनपछि ट्रान्सकेइ विश्वविद्यालयको एउटा कार्यक्रममा बोल्दै हानीले सरकार लचिलो नभएमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसले ‘सत्ता कब्जा गर्नुपर्ने’ विचार राखे ।

१९९० अगस्ट ६ मा प्रिटोरिया सम्झौता भयो । सो सम्झौताअनुसार सन् १९९० सेप्टेम्बर १ देखि राजबन्दीहरूलाई रिहा गर्न सुरु गर्दै ३० अप्रिल सन् १९९१ सम्मका सबै राजबन्दी रिहा गरिने भयो । सो सम्झौतापछि अफ्रिकी राष्ट्रिय काङ्ग्रेसले सशस्त्र सङ्घर्ष स्थगनको घोषणा गऱ्यो । केपटाउनमा नेल्सन मन्डेलाले एमकेका कमान्डर र अरू काङ्ग्रेस नेताहरूको बैठक आयोजना गरी सशस्त्र सङ्घर्ष स्थगनको विषयमा छलफल गरेका थिए । तर, सशस्त्र दक्षिणपन्थी अफ्रिकान्सहरूको खतरा भने त्यतिञ्जेलसम्म बाँकी नै थियो ।

डे क्लार्क सरकारले क्रिस हानीजस्ता न्यायको पक्ष लिने फरक धारका नेताहरूलाई फेरि पनि दु:ख दिने बदनियतले समय खर्चिरहेको थियो । प्रिटोरिया सम्झौता भएको दुई साता पनि नबित्दै सरकारले हानी, रोनी कासरिल्स, म्याक महाराजजस्ता नेताहरूको स्वतन्त्रतामाथि बन्देज लगाउन खोज्यो । म्याक गिरफ्तारीमा परे, रोनी भूमिगत हुनुपऱ्यो भने हानी ट्रान्सकेइमा बान्टु होलोमिसाको आश्रय लिन पुगे । “यो मलाई तर्साउन चालिएको कदम हो, सङ्घर्ष चालु रहनेछ,” डि क्लार्कको विरोध गर्दै क्रिस हानीले भने । त्यो साता ट्रान्सभाल, क्वा थेम्बा र तेमबिसामा काङ्ग्रेस र सरकार समर्थकहरूबिच भएको दोहोरो भिडन्तमा परी ३ सय ७१ जना सर्वसाधारण मारिए । त्यस्तो अवस्थामा काङ्ग्रेसले भने प्रिटोरिया सम्झौताअनुसार आफ्नो सम्पूर्ण सैनिक गतिविधि स्थगन गरिसकेको थियो ।

१९९० डिसेम्बर १६ को दिन (एमके स्थापना दिवस) बसेको अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको राष्ट्रिय सल्लाहकार सम्मेलनले अर्को वर्षको अप्रिल मसान्तसम्म सम्पूर्ण राजनीतिक गतिरोध र समस्या समाधान नगरिए शान्तिपूर्ण जनआन्दोलनमा जाने निर्णय गऱ्यो । बैठकले हिंसाको अन्त्यप्रति प्रतिबद्धता व्यक्त गर्दै जनरक्षाको लागि एमकेको भर्ती र तालिम निरन्तर गर्ने घोषणा गऱ्यो । सो बैठकले काङ्ग्रेसको भूमिगत सञ्जाललाई त्यसपछिको परिस्थितिमा निरन्तरता दिन सकिने निर्णय गऱ्यो । हानीको विचार त्यहाँ विजयी भयो । त्यतिञ्जेल कम्युनिस्ट पार्टीका महासचिव क्रिस हानी लोकप्रियताको शिखरमा पुगिसकेका थिए । सबैको मुखमुखमा झुण्डिएको थियो - हानी जिन्दावाद ! (Viva Hani !) सहरका भित्ताभित्तामा हानीकै पक्षमा नारा र चित्र कोरिएका थिए ।

दक्षिण अफ्रिका जटिल परिस्थितिमा अघि बढिरहेको थियो । पार्टी पार्टीबिचको अलगअलग सेनाको व्यवस्थापन, नयाँ संविधान निर्माण, अझै कारागारमा रहेका राजबन्दीहरूको रिहाइको विषयमा अनेक उल्झनबिच देश अघि बढिरहेको थियो । त्यही बेला रोबेन टापु कारागारमा रहेका राजबन्दीहरू २२ दिने अनसनमा बसे । उनीहरूले आफ्नो सङ्घर्षलाई ‘घर फर्क आन्दोलन’ नामकरण गरेका थिए । फलत: २१ मार्च १९९१ मा राजबन्दीहरू रिहा भए र उनीहरूको स्वागत क्रिस हानीले गरे । त्यही वर्ष ३२ वर्षपछि दक्षिण अफ्रिकी माटोमा २-६ जुलाईसम्म काङ्ग्रेसको राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनबाट उपाध्यक्ष नेल्सन मन्डेला अध्यक्ष पदमा निर्वाचित भए । मन्डेलापछि हानी सबभन्दा लोकप्रिय नेता बने ।

दक्षिणपन्थीहरूले काङ्ग्रेस र रङ्गभेदविरोधी आन्दोलनमाथि गरेका हमला र नरसंहारको विरोधमा काङ्ग्रेस पटकपटक वार्ताबाट बाहिरियो । सरकारी नीतिविरुद्ध भएको जनसङ्घर्षको अग्रमोर्चाको नेतृत्व क्रिस हानी, रोनी कासरिल्स, स्टिभ स्वेटेलगायतका नेताहरूले गरे । १९९१ सेप्टेम्बर ७ मा ८० हजार जनता किङ विलियम टाउनको भिक्टोरिया रङ्गशालामा भेला भए । अफ्रिकी राष्ट्रिय काङ्ग्रेस, दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी र मजदुर सङ्गठन कोसाटुको संयुक्त अग्रसरतामा हप्तौँसम्म सिस्की क्षेत्रका गाउँगाउँमा प्रदर्शनहरू भए । त्यो अभियान हुन नदिन सिस्की क्षेत्रका नेता औपा कोजोले बिसोको सर्वोच्च अदालतमा रिट दायर गरे । त्यो मुद्दा वेलिट्सा मजिस्ट्रेट अदालतमा पुग्यो । मजिस्ट्रेट अदालतले प्रदर्शनको पक्षमा फैसला सुनायो । अदालतको फैसला त्यो आन्दोलनको आगोमा घ्यु थपेसरि भयो । प्रदर्शनहरूमा जनताको उपस्थिति दिन दुईगुना रात चौगुना बढ्यो । उनीहरूको अन्तिम गन्तव्य बिसो रङ्गशालामा पुग्नुपर्ने थियो । सिस्की प्रतिरक्षा सेनाका सिपाहीहरूले प्रदर्शनकारीमाथि चर्को दमन गर्ने भाषा बोले । त्यसबिच प्रदर्शनको नेतृत्व गरिरहेका क्रिस हानी मारिएको खबरले प्रदर्शनकारीहरूमा दु:ख र पीडा सञ्चार भयो । वास्तवमा, हानी मारिएका थिएनन् । प्रतिरक्षा सेनाको मेसिनगन आक्रमणबाट २८ जना मानिस मारिए भने २ सयभन्दा बढी घाइते भए । बिसोको त्यो हत्याकाण्डबाट बायोपाटोङको काण्डपश्चात् अवरुद्ध वार्ता प्रक्रिया भने फेरि सुरु हुने परिस्थिति तयार भयो ।

**हत्या**

दक्षिण अफ्रिकामा आफ्नो औपनिवेशिक शासन बलियो बनाउन उद्यत दक्षिणपन्थी शक्तिका निम्ति जनताबिच लोकप्रिय कम्युनिस्ट नेता क्रिस हानी आँखाको कसिङ्गर बनेका थिए । उनको नेतृत्वमा उठेको जनसङ्घर्ष र बढ्दो लोकप्रियतालाई दक्षिणपन्थी शक्तिले आफ्नो चिहान ठानेका थिए । त्यसकारण, दक्षिणपन्थी पार्टी



सीपीका सांसद क्लिभ डेर्बी-लेविसलगायतले भित्रभित्रै हानीको हत्याको तानाबाना बुन्दै थिए । त्यो हत्याको लागि जानुज वालुस नामको युवालाई तयार गरिरहेका थिए ।

सन् १९८९ मा दक्षिणपन्थी पार्टीले थोरै मतान्तरले निर्वाचनमा हाऱ्यो । क्रिस हानीको हत्या गर्दा दक्षिण अफ्रिकी जनता आक्रोशित हुने र परिणामत: देशमा अराजक गतिविधि बढ्ने/बढाउने अनि त्यही अस्थिरताको फाइदा उठाएर फेरि शक्तिमा आउने दक्षिणपन्थीहरूको योजना थियो । आफ्नो हातमा शक्ति आएपछि दक्षिण अफ्रिकामा बढ्दो कम्युनिस्ट प्रभावलाई सैनिक दमन गरेर तह लगाउने सोचमा उनीहरू थिए । हानीलाई आफ्नो वरपर बढिरहेको शत्रुका गतिविधिप्रति जानकारी त थियो तर उनी उति पर्वाह गर्दैनथे । वास्तवमा उनको स्वदेश फिर्तीसँगै उनीसामु खतराको बादल निरन्तर मडारिरहेको थियो । हानीको हत्या हुनुभन्दा केही दिन पहिले अमेरिकी पत्रकार जेरेलाइन इडिङ्ससँगको कुराकानीमा उनले भनेका थिए, “उनीहरू मेरो हत्या गर्न चाहन्छन् तर त्यो हत्या हत्या नभई दुर्घटनाजस्तो देखाउन चाहन्छन् । मेरो हत्या भएमा सारा देशमा आगो बल्छ भन्ने उनीहरू हिसाबकिताब गर्दै छन् ।”

आफ्नो हत्या हुनुभन्दा केही दिनअघि मात्र हानी दक्षिण अफ्रिकी गाउँगाउँमा हप्तौँ लामो शान्ति पदयात्रा सकाएर फर्केका थिए । त्यसअघि कम्युनिस्ट पार्टीको महासचिवको हैसियतले उनले क्युबामा फिडेल क्यास्ट्रोलाई भेटेका थिए । त्यस्तै बेलायत पुगेर त्यहाँका कम्युनिस्टहरूसँग सम्बन्ध विस्तार गरेका थिए । ५१ वर्षको उमेरमा हानी विश्व समाजवादी आन्दोलनको प्रभावशाली पुस्ताको सशक्त प्रतिनिधि भइसकेका थिए ।

अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको व्यापकता र शक्तिआर्जनसँगै जनतासँगको प्रत्यक्ष संवादमा आएको कमीप्रति उनी चिन्तित थिए । त्यस्तै, अफ्रिकी युवामा फैलिएको एचआईभी/एड्सको महामारी अनि व्यापक भ्रष्टाचारप्रति उनी चिन्तित थिए । त्यसविरुद्ध उनले युवाहरूको शिक्षा, उपचार अन्य सहयोग गर्नमा विशेष जोड दिए । उनी जहाँ पुगे पनि समाजवादी व्यवस्थाको सर्वोच्चता र अपरिहार्यतामा जोड दिने गर्थे । पार्टीहरूले दिने सस्ता नाराले मात्र समस्या समाधान हुँदैन बरु गरिबी न्यूनीकरण भए मात्र पूर्ण राजनीतिक रूपान्तरण सम्भव हुन सक्छ भन्ने उनको प्रस्ट विचार थियो ।

अप्रिल १०, सन् १९९४ बिदाको दिन भएकोले बजारमा त्यति चहलपहल थिएन । बिहानको चिसो हावा बहिरहेको थियो । सदाको बिहानझैँ क्रिस हानी आफ्नो घरभन्दा केही पर अखबार किन्न गए । धेरै दिनसम्म पिछा गरेको जानुज वालुस त्यो दिन हानीमाथि गोली हान्ने उपयुक्त मौकाको खोजी गर्दै उनको पछि लाग्यो । हानी हिँड्दै गर्दा वालुसले पछाडिबाट उनलाई छोयो र क्रिस पछाडि फर्कनेबित्तिकै पिस्तोल निकालेर गोली हानेर हानीको हत्या गऱ्यो । पोल्यान्डमा जन्मेर दक्षिण अफ्रिकामा बस्दै आएका ३८ वर्षीय वालुसले लामो तयारीपछि आफ्नो हत्या योजना सफल बनायो । यसरी दक्षिण अफ्रिकी जनताका लोकप्रिय नेता, कम्युनिस्ट पार्टीका महासचिव क्रिस हानीको निर्मम हत्या भयो ।

प्रतिक्रियावादी शक्तिहरूले नेल्सन मन्डेलाकी श्रीमती बिन्नी मन्डेला र हानीको निकट सम्बन्धबारे अनेकन झूटा अफवाह फैलाए । तर, नेल्सन मन्डेला र हानीबिचको आत्मीय सम्बन्धमा कहिल्यै आँच आएन । हानीको हत्याप्रति आक्रोश पोख्दै मन्डेला नेतृत्वको अफ्रिकी राष्ट्रिय काङ्ग्रेसद्वारा जारी वक्तव्यमा भनियो, “मुक्ति सङ्घर्ष र जातिवादविरुद्धको प्रतिरोधप्रति अतुलनीय प्रतिबद्धता भएकै कारण रङ्गभेदी शासनका मतियारहरूले कामरेड क्रिस हानीको हत्या गरेका हुन् । दक्षिण अफ्रिकामा प्रजातन्त्र र स्वतन्त्रता स्थापनाको सङ्घर्षमा आफ्नो सम्पूर्ण जीवन समर्पण गर्ने व्यक्तित्व क्रिस हानीप्रति श्रद्धा व्यक्त गर्दै राष्ट्रिय काङ्ग्रेस आफ्नो झन्डा झुकाउँछ ।” अफ्रिकी काङ्ग्रेसले यो हत्यालाई ‘अक्षम्य अपराध’ को संज्ञा दिएको थियो ।

त्यस्तै, १९९८ जुलाई १ को दिन क्रिस हानी सम्मानबाट सम्मानित हुँदा नेल्सन मन्डेलाले भने, “हाम्रो आन्दोलनका हरेक कार्यकर्ताबाट अपेक्षा गरिएको अनुशासन र दूरदर्शिताका साथ आफ्नो कर्तव्य पालना गर्ने सद्गुण हानीमा थियो । हाम्रो मुक्ति सङ्घर्षको क्रममा कम्युनिस्ट पार्टीबाट हामीले सधैँ सिकेको पाठ हो - अन्तर्राष्ट्रिय ऐक्यबद्धताको महत्त्व । एक्लिएर कुनै पनि सङ्घर्ष सफलतामा पुग्न सक्दैन । नयाँ देश निर्माणको सन्दर्भमा पनि यो कुरा सत्य हो ।”

हानीको हत्याबाट दक्षिण अफ्रिकी जनतामात्र शोकाकुल र आक्रोशित भएनन् बरु संसारभरका कम्युनिस्ट, क्रान्तिकारी, प्रगतिशील, स्वतन्त्रताप्रेमी, जातिवाद र रङ्गभेदविरोधी जनता आक्रोशित भएर उठे । हानीको हत्यापछि दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले अभिभावक गुमाएसरि भयो । त्यसरी दक्षिण अफ्रिकाले एकजना कर्मठ, अत्यन्त सक्रिय, जुझारु, दृढ निश्चयी, बलिदानी नेता गुमायो ।

हानीको हत्याबाट फासीवादीहरू संसारमा बढ्दो कम्युनिस्ट विचारको लोकप्रियता र व्यापकताले कति आत्तिएका रहेछन् भन्ने प्रस्ट भयो । उनीहरू संसारमा कम्युनिस्ट विचारको प्रसार अवरुद्ध गर्न जस्तोसुकै निर्लज्ज काम गर्न पनि पछि नहट्ने कुरा यसले पनि पुष्टि गऱ्यो । कम्युनिस्ट विचारका प्रवक्ताहरूको लोकप्रियतालाई अन्यायपूर्ण पुँजीवादी व्यवस्थाका हिमायतीहरू आफ्नो काल नजिकिएको भनेर बुझ्छन् । तर, उनीहरूका जस्तै षड्यन्त्र, प्रपञ्च हत्या र नरसंहारले पनि सही विचारलाई रोक्न नसक्ने यथार्थ आज दक्षिण अफ्रिकालगायत सिङ्गो अफ्रिका महादेशमा फैलिएको साम्राज्यवादविरोधी सङ्घर्षले प्रमाणित गर्छ । ल्याटिन अमेरिकी साम्राज्यवादविरोधी सङ्घर्षसँगको एकताले अफ्रिकामा यो विचार अझ व्यापक बनिरहेको छ । नि:सन्देह क्रिस हानीजस्ता नेताहरूले मेहनतपूर्वक राखेको जगमै आजको सङ्घर्ष आधारित छ । तसर्थ, यो संसारले क्रिस हानीका योगदानहरूको सधैँ सम्झना गरिरहनेछ ।

**सन्दर्भ सामग्री**

१) HANI A Life Too Short - Janet Smith & Beauregand Tromp
२) भक्तपुर मासिक (१९९४)

***समाप्त***

***स्रोत : स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा***



उत्तरी गाजापट्टीस्थित जवालिया शरणार्थी शिविरमा नि:शुल्क खानाको निम्ति प्रतिक्षारत प्यालेस्टिनी महिला तथा बालबालिकाहरू जून २९, २०२६ का दिन । इजरायलले गाजापट्टीमा मानवीय सहायता र उपभोग्य वस्तुसमेत भित्रिन नदिँदा त्यहाँ गम्भीर खाद्यान्न सङ्कट देखिएको छ ।

*तस्बिर : रिजेक अब्देलजवाद/सिन्हवा*

# इरानद्वारा अमेरिकासँगको आगामी प्रत्यक्ष वार्ता अस्वीकार
## सम्झौता कार्यान्वयनका लागि विशेषज्ञ प्रतिनिधिमण्डल पठाउने

तेहरान, १६ असार (एएनआई) । इरानले संयुक्त राज्य अमेरिकासँग आगामी प्रत्यक्ष वार्ताको रिपोर्टलाई अस्वीकार गरेको छ भने आउँदा दिनमा कुनै पनि स्तरमा दुई राष्ट्रहरूबिच कुनै वार्ता नहुने पुष्टि गर्दै इरानी प्रतिनिधिमण्डल सम्झौताको अनुगमन गर्न दोहा जाने जनाइएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले तेहरानले नयाँ राजनीतिक वार्ता सुरु गर्नुको सट्टा विद्यमान एमओयूको प्राविधिक कार्यान्वयनलाई कडाइका साथ प्राथमिकता दिएको स्पष्ट पारेको तसनीम समाचार एजेन्सीले जनाएको छ ।




इरान सम्झौता कार्यन्वयनमा प्रतिवद्ध रहको विषयमा जोड दिँदै बाघाईले इरानको एक विशेषज्ञ प्रतिनिधिमण्डल यस हप्ता कतारको दोहामा पठाइने घोषणा गर्नुभएको छ ।

सम्झौता अनुरूप अमेरिकाले इरानी तेल बिक्रीलाई सहज बनाउन आवश्यक अनुमतिहरू जारी गरिसकेको पुष्टि गर्दै, बाघाईले इरानले सम्झौताको अनुच्छेद -११ मा ध्यान केन्द्रित गरी ती अनुमतिहरूको व्यावहारिक कार्यान्वयनलाई पछ्याइरहेको बताउनुभएको छ । जसले इरानको वित्तीय सम्पत्तिहरूको व्यवस्थापन र नियन्त्रण गर्दछ ।

अमेरिकी प्रतिनिधिहरूद्वारा कतारको भ्रमण इरानी प्रतिनिधिमण्डलको कार्यभारसँग पूर्ण रूपमा "असम्बन्धित" भएको भन्दै बाघाईले यो समयमा थप कूटनीतिक कार्यक्रमहरू गर्नेबारे भएको अनुमानलाई अस्वीकार गर्नुभएको छ ।

तास्निम समाचार एजेन्सीका अनुसार अन्तिम सम्झौतामा वार्ताको सम्भावित सक्रियताको बारेमा सोधिएको प्रश्नमा बाघाईले प्रक्रिया अझै सुरु नभएको उल्लेख गर्दै अहिलेसम्म अन्तिम सम्झौताका लागि वार्ताको चरणमा प्रवेश नगरेको बताउनुभएको छ ।

उहाँले सहमतिअन्तर्गत अन्तिम सम्झौताका लागि औपचारिक वार्ता गर्दा विशेषगरी धारा १,४,५,१० र ११ को सफल पहल र दिगो कार्यान्वयन आवश्यक रहेको कुरामा जोड दिनुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार कतारको दोहामा मङ्गलबार इरानसँग उच्चस्तरीय कूटनीतिक वार्ता हुने घोषणा गरेपछि अमेरिकी विशेषदूत स्टिभ विटकोफ कतारको दोहा जाँदै गर्दा उहाँको यस्तो टिप्पणी आएको हो ।

दुई अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै सिएनएनले विटकोफ हाल कतारको राजधानीको यात्रामा रहेको बताएको छ ।

यसैबिच, इरानका राष्ट्रपति मसूद पेजेस्कियनले अमेरिकाले जवाफ दिएमा इरानले पनि आफ्नो प्रतिबद्धतालाई मुर्त रूप दिने बताउनुभएको छ ।

सोमबार सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै पेजेस्कियनले आपसी समझदारी दुईतर्फी मार्ग दर्शन भएको बताउँदै यदि अमेरिकी पक्षले सम्झौताको पालना गरे पछि आफूहरू पनि सम्झौताप्रति प्रतिबद्ध रहेको बताउनुभएको छ ।

# कङ्गोमा इबोला सङ्क्रमित एक हजार ३०७ पुगे, सामूहिक जमघटमा प्रतिबन्ध

किन्शासा, १६ असार (सिन्ह्वा) । प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डीआरसी)मा इबोला भाइरस सङ्क्रमितको सङ्ख्या एक हजार ३०७ पुगेको छ । सङ्क्रमणका कारण हालसम्म ३७७ जनाको मृत्यु भएको सरकारी अधिकारीले जनाएका छन् ।

सरकारका अनुसार आइतबारसम्म १८० जना उपचारपछि निको भएका छन् भने ६१५ जना उपचार तथा स्वास्थ्य निगरानीमा रहेका छन् । हाल इबोलाको मृत्युदर २८ दशमलव ८० प्रतिशत रहेको र सङ्क्रमितको सम्पर्कमा आएका व्यक्तिको पहिचान तथा अनुगमन ( कन्ट्याक्ट ट्रेसिङ) दर ८१ दशमलव ३० प्रतिशत पुगेको छ ।

सङ्क्रमण नियन्त्रणका लागि सरकारले राजधानी किन्शासासहित त्सोपो, हाउत-उले र बास-उले प्रान्तमा सामूहिक जमघटमा प्रतिबन्ध लगाएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार गृह मन्त्रालयले जारी गरेको परिपत्रमार्फत उक्त निर्णय कार्यान्वयनमा ल्याइएको हो ।

आन्तरिक मामिलामन्त्री ज्याकमेन शाबानीले प्रभावित प्रान्तका गभर्नरलाई पठाएको पत्रमा इबोलाको सङ्क्रमणबाट उत्पन्न बढ्दो स्वास्थ्य जोखिमलाई दृष्टिगत गर्दै प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ । प्रतिबन्धअन्तर्गत राजनीतिकसभा, सार्वजनिक प्रदर्शन, जुलुस तथा अन्य सामूहिक कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्था गरिएको छ ।

राष्ट्रपति फेलिक्स शिसेकेदीले सोमबार राष्ट्रको स्वतन्त्रता दिवसका अवसरमा सम्बोधन गर्दै इबोला नियन्त्रणका लागि ३१९ मिलियन अमेरिकी डलर बराबरको विस्तृत कार्ययोजना तयार गरिएको जानकारी दिनुभयो । उहाँले प्रारम्भिक आपत्कालीन कोष परिचालन गरिसकिएको र त्यसबाट प्रभावित क्षेत्रमा नियन्त्रण अभियान सञ्चालन तथा जीवनरक्षा कार्यक्रमलाई सहयोग पुगिरहेको बताउनुभयो ।

राष्ट्रपति शिसेकेदीले इबोला कुनै अफवाह वा लाजमर्दो विषय नभई गम्भीर सार्वजनिक स्वास्थ्य सङ्कट भएको उल्लेख गर्दै स्वास्थ्यसम्बन्धी निर्देशन पालना गर्न, शङ्कास्पद बिरामीबारे तत्काल जानकारी दिन तथा भ्रमपूर्ण सूचनाको पछि नलाग्न नागरिकलाई आग्रह गर्नुभयो ।

डीआरसीले गत मे महिनाको मध्यतिर हालको इबोला प्रकोप घोषणा गरेको थियो । त्यसयता स्वास्थ्य अधिकारीले समुदायस्तरमा भइरहेको सङ्क्रमण, जनसङ्ख्याको आवतजावत तथा केही प्रभावित क्षेत्रमा सीमित पहुँचका कारण नियन्त्रण अभियान चुनौतीपूर्ण बनेको बताएका छन् ।

## विश्व सङ्क्षेप

### भेनेजुयलामा भूकम्पका कारण ५८ हजारभन्दा बढी भवनहरू क्षतिग्रस्त : तथ्याङ्क

वासिङगटन, १६ असार (एएफपी) । अमेरिकी अन्तरिक्ष एजेन्सी नासाद्वारा प्रकाशित उपग्रह तथ्याङ्कको प्रारम्भिक मूल्याङ्कन अनुसार गत हप्ता भेनेजुयलामा आएका शक्तिशाली दुई वटा भूकम्पका कारण ५८ हजार भन्दा बढी भवनहरूलाई क्षतिग्रस्त भएको उल्लेख गरिएको छ । भेनेजुयलामा गत हप्ता ७.२ र ७.५ म्याग्निच्युडको भूकम्पमा परी एक हजार ७०० जनाको मृत्यु भएको पुष्टि हुनुका साथै हजारौँ अझै बेपत्ता भएको बताइएको छ । ओरेगन स्टेट युनिभर्सिटीका अनुसन्धानकर्ता कोरी शेर र जामोन भान डेन होकका अनुसार भूकम्पको भोलिपल्ट जुन -२५ मा सङ्कलन गरिएको उपग्रह राडार तथ्याङ्कको आधारमा "प्रभावित क्षेत्रमा लगभग ५८ हजार ८७० वटा भवनहरू क्षतिग्रस्त भएको जनाइएको हो ।

युरोपेली अन्तरिक्ष एजेन्सीको "उच्च-रिजोल्युसन राडार इमेजरी उपग्रह सेन्टिनेल-१" बाट तथ्याङ्क उद्धृत गरिरहेको जनाइएको छ । यो प्रारम्भिक तथाङ्क द्रुत मूल्याङ्कनले क्षतिसँग मिल्दोजुल्दो अवस्थालाई प्रतिबिम्बित गर्ने अनुसन्धानकर्ताहरूले जनाइएका छन् उनीहरूका अनुसार यो तथ्याङ् प्रमाणित हुने प्रक्रिया अझै बाँकी नै छ । नासाले उपग्रहहरूले "जमिनमा रहेका उद्धार टोलीहरूलाई प्रभावहरूको मूल्याङ्कन गर्न र प्रतिक्रिया प्रयासहरूलाई मार्ग-दर्शन गर्न मद्दत गर्नको लागि महत्त्वपूर्ण तथ्याङ्क उपलब्ध गराएको जनाएको छ ।

### मलेसियामा फिफा विश्वकपसँग सम्बन्धित सट्टेबाजीमा संलग्न ३३१ जना पक्राउ

कोलालम्पुर, १६ असार (सिन्ह्वा) । फिफा विश्व कप सन् २०२६ सँग सम्बन्धित अवैध खेलकुद सट्टेबाजी र अनलाइन जुवा गतिविधिहरूलाई लक्षित गरी सुरु गरीएको राष्ट्रव्यापी अपरेसनमा ३३१ जनालाई पक्राउ गरिएको मलेसियन अधिकारीहरूले घोषणा गरेका छन् । उनीहरूको बिचबाट लगभग ३५ हजार अमेरिकी डलर नगद जफत गरिएको तथा छ लाख ४० हजार अमेरिकी डलर भन्दा बढीको सट्टेबाजी लेनदेनको पर्दाफास भएको बुकिट अमन आपराधिक अनुसन्धान विभागका निर्देशक एम कुमार एस मुथुवेलुले विज्ञप्तिमार्फत जनाउनु भएको छ ।

मलेसियन कम्युनिकेसन एण्ड मल्टिमेडिया कमिसन (एमसीएमसी) को सहकार्यमा गत जुन -११ मा सुरु भइ जुलाई -१९ सम्म जारी रहने अपरेसनले देशव्यापी रूपमा २९३ वटा छापा मारी वेबसाइट र सामाजिक सञ्जालमार्फत जुवासम्बन्धी विज्ञापन र प्रचार गतिविधिहरूको निगरानी गरिएको उहाँले बताउनुभएको छ । उहाँका अनुसार अधिकारीहरूले १८५ वटा वेबसाइटहरू, विभिन्न अनलाइन प्लेटफर्महरू, र सामाजिक सञ्जालका खाताहरू फुटबल सट्टेबाजी र जुवा प्रचारका लागि प्रयोग भइरहेको पहिचान गरेको उल्लेख गरेका छन् ।

### मध्यपूर्व युद्धविरामपछि श्रीलङ्कामा इन्धनको मूल्यमा गिरावट

कोलम्बो, १६ असार (एएफपी) । मध्य पूर्व युद्धविराम पछि श्रीलङ्काले मङ्गलबार इन्धनको मूल्यमा छ प्रतिशतसम्म कटौती गरेको जनाइएको छ ।

श्रीखङ्काको पेट्रोलियम कर्पोरेसनले डिजेल २५ रूपैयाँ प्रतिलिटर घटाएर ३८२ रूपैयाँ र पेट्रोल २० रूपैयाँ घटाएर ४१४ रूपैयाँ कायम गरेको बताएको छ । अमेरिका र इरानले आफूहरूबिच द्वन्द्व अन्त्य गर्न वार्ता गर्ने सहमती भए पछि अन्तर्राष्ट्रिय ऊर्जाको मूल्यमा आएको तीव्र गिरावटसँगै श्रीलङ्कामा पनि उर्जाको मुल्यमा कटौती गरिएको जनाइएको छ । गत फेब्रुअरी -२८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि श्रीलङ्काले पेट्रोल र डिजेलको मूल्य करिब ५० प्रतिशतले बढाएको थियो । द्वन्द्वको समयमा उच्च आयात र लागत बिच सन्तुलन कायम गर्न श्रीलङ्कामा बिजुलीको शुल्क पनि एक तिहाइले वृद्धि गरिएको अधिकारीहरूले बताएका थिए । श्रीलङ्काले आवाश्यक सबै तेल खरीद गर्ने र बिजुली उत्पादनका लागि आयातित कोइलामा पनि निर्भर रहने अवस्था रहेकाले मध्यपूर्वमा जारी लामो द्वन्द्वले कमजोर आर्थिक अवस्थालाई प्रभावित पार्न सक्ने चेतावनी दिइएको थियो ।

**हार्दिक समवेदना**



जन्म
२०६०/०२/०२

स्वर्गारोहण
२०८३/०३/१४


यस च्वङा गणेश धिमा खलः तथा सल्लाघारी युवा समूहका सदस्य पुण्यराम बाईजुका सुपुत्र **पुजन बाईजु**को असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**च्वङा गणेश धिमा खलः परिवार**
**सल्लाघारी युवा समूह परिवार**

# मार्क्सको भविष्यवाणी : स्वचालित यन्त्र र नव-सर्वहाराको नियति -१

● सत्यजीत

*('गुन्द्रिस' Grundrisse सन् १८५७-५८ को एक वर्षको बिचमा लेखिएको मार्क्सको सातवटा नोटहरूको सङ्कलन मानिन्छ । जर्मन भाषामा गुन्द्रिसको अर्थ ग्राउन्ड वा फाउन्डेसन वा आधार हो र यो वास्तुशास्त्रमा वा आर्किटेक्टचरमा ग्राउन्ड वर्कलाई मानिन्छ । मार्क्सको विश्वविख्यात कृति पुँजी लेखिनुपूर्व त्यसका लागि आवश्यक विभिन्न अवधारणहरू जस्तै पुँजी, मेसिन र यसको स्वचालनको भविष्यवाणी, उत्पादन, वितरण, अतिरिक्त मूल्य, अलगावको सिद्धान्त, बजार इत्यादि बारेमा मार्क्सको लेखन नै गुन्द्रिस हो । रुसी कम्युनिस्टहरूले सन् १९३० पछि मात्र यसको सोधखोज गरी प्रकाशन गरेको विश्वास गरिन्छ । यो आलेख लेखक सत्यजीतको फेसबुकबाट साभार गरिएको हो, लेखकको सम्पूर्ण व्याख्या (इनटरपिटिसन) सँग हामी सहमत हुनुपर्छ भन्ने छैन । - सम्पादक)*




मार्क्सवादी दर्शनको इतिहासमा 'गुन्द्रिस' (Grundrisse) एउटा यस्तो वैचारिक महाविस्फोट हो, जसले पुँजीवादी उत्पादन पद्धतिको आलोचनालाई परम्परागत अर्थशास्त्रको घेराबाट निकालेर सिधै २१ औं शताब्दीको डिजिटल साम्राज्यको ढोकामा पुऱ्याइदिन्छ । सन् १८५७-५८ को वैश्विक आर्थिक सङ्कटको रापिलो पृष्ठभूमिमा कार्ल मार्क्सले रातभरि जाग्राम बसेर तयार पारेको यो पाण्डुलिपि कुनै तयारी भाषण वा प्रकाशनका लागि लेखिएको दस्तावेज थिएन । यो त पुँजीवादको भित्री संहारक चरित्र र त्यसको गर्भभित्रै हुर्किरहेको प्रविधिको राक्षसलाई नङ्ग्याउने मार्क्सको बौद्धिक प्रयोगशाला थियो । हिजो औद्योगिक क्रान्तिको प्रारम्भिक चरणमा बहुसङ्ख्यक शास्त्रीय कम्युनिस्टहरूले यसलाई 'अमूर्त र काल्पनिक' भन्दै ओभेलमा पारे । तर, आज आर्टिफिसियल इन्टेलिजेन्स (AI), बिग डाटा र स्वचालित यन्त्रहरूको युगमा आइपुग्दा 'गुन्द्रिस' मार्क्सवादको सबैभन्दा जीवित, यथार्थपरक र अचुक घोषणापत्र साबित भएको छ ।

यसले पुँजीवादको एउटा यस्तो आन्तरिक अन्तरविरोधलाई उजागर गरेको छ, जहाँ पुँजीपतिले आफ्नो नाफा बढाउन प्रविधिको उच्चतम विकास त गर्छ, तर त्यही प्रविधि नै अन्ततः पुँजीवादी बजार र अतिरिक्त मूल्यको चिहान खन्ने हतियार बन्न पुग्छ । नेपाली कम्युनिस्ट आन्दोलन र समकालीन बौद्धिक विमर्श हिजोका घिसेपिटेका सामन्तवादी परिभाषा र संसदीय संसदवादको दलदलमा फसिरहेको बेला, 'गुन्द्रिस' को पुनरावलोकन अनिवार्य सर्त बनेको छ । यो विश्लेषणले केवल विगतको गौरव गान गर्दैन, बरु आजको साइबर-पुँजीवादले सिर्जना गरेको नव-सर्वहारावर्ग र श्रमको नयाँ रूपलाई जनशास्त्रीय चश्माबाट नियाल्ने जमर्को गर्छ । विज्ञान र प्रविधिलाई पुँजीपतिको कैदबाट मुक्त गरेर सामूहिकताको अधीनमा नल्याएसम्म मानव जातिको वास्तविक मुक्ति असम्भव छ भन्ने सत्यलाई स्थापित गर्नु नै यो विश्लेषणको मुख्य उद्देश्य हो ।

श्रमको विलोपीकरण : 'गुन्द्रिस' भित्रको सबैभन्दा क्रान्तिकारी अध्याय, जसलाई इतिहासले 'मेसिन खण्ड' (Fragment on Machines) को रूपमा चिन्दछ, मार्क्सवादी अर्थशास्त्रको परम्परागत बुझाइलाई धक्का दिने सबैभन्दा धारिलो अस्त्र हो । मार्क्सले आफ्ना अन्य कृतिहरूमा मेसिनलाई मजदुरको श्रम निचोर्ने र अतिरिक्त मूल्य (Surplus Value) पैदा गर्ने फगत एउटा भौतिक साधनको रूपमा व्याख्या गरेका थिए । तर, यस खण्डमा मार्क्सले प्रविधिको विकासको एउटा यस्तो चरम र काल्पनिक लाग्ने बिन्दुको परिकल्पना गरे, जुन आज हाम्रो आँखा अगाडि अक्षरशः सत्य साबित भइरहेको छ ।


मार्क्सको प्रस्थापना 'जीवित श्रमको विस्थापन र यन्त्रको स्वायत्तता' हो । पुँजीवादको नैसर्गिक स्वभाव नै उत्पादन लागत घटाउनु र नाफाको दर बढाउनु हो । यसका लागि उसले लगातार विज्ञान र प्रविधिमा लगानी गर्छ । मार्क्स भन्छन्, "प्रविधिको विकास हुँदै जाँदा एउटा यस्तो बिन्दु आउनेछ जहाँ कारखाना वा उत्पादन प्रक्रियामा 'जीवित मानव श्रम' (Living Labour) को भूमिका क्रमशः शून्य हुँदै जानेछ र मेसिनहरू स्वतः सञ्चालित (Automated) हुनेछन् । हिजो मजदुरले मेसिन चलाउँथ्यो, तर आजको उन्नत पुँजीवादी चरणमा मेसिनले आफैंलाई र मानिसलाई समेत नियन्त्रण गर्न थालेको छ ।

यसको सबैभन्दा गहिरो आयाम 'चेतनशील दर्शक' (Conscious Watcher) को अवधारणा हो । जब उत्पादनको मुख्य संवाहक शारीरिक श्रम रहँदैन, तब मजदुर उत्पादन प्रक्रियाको 'केन्द्रीय कर्ता' बाट च्युत हुन्छ । ऊ त केवल स्वचालित यन्त्र प्रणाली, सफ्टवेयर एल्गोरिदम वा रोबोटिक प्लान्टको छेउमा उभिएर त्यसको सुपरिवेक्षण गर्ने, त्यसलाई नियमन गर्ने एउटा 'बाह्य दर्शक' मात्र बन्न पुग्छ । आजको एआई च्याटबोट्स, आईटी सेक्टर र अटोमेसनले मानव श्रमलाई जसरी छेउमा धकेलिदिएको छ, त्यसले मार्क्सको यो भविष्यवाणीलाई इतिहासको सबैभन्दा वस्तुवादी सत्य प्रमाणित गरिदिएको छ ।

यहींनेर मार्क्सले 'जनरल इन्टेलेक्ट' (General Intellect) अर्थात् 'आम सामाजिक बौद्धिकता' को सिद्धान्त अघि सार्छन् । पुँजीवादले दाबी गर्छ कि प्रविधि र सफ्टवेयर पुँजीपतिको निजी सम्पत्ति हो । तर, मार्क्स भन्छन्, "विज्ञान, ज्ञान, कोडिङ र प्रविधि कुनै एउटा व्यक्ति वा निगमको निजी पसिनाको उपज होइन । यो त सिङ्गो मानव जातिले इतिहासको कालखण्डदेखि सङ्कलन गरेको सामूहिक सामाजिक ज्ञान (General Intellect) हो । आजका टेक-जायन्ट्स (गुगल, मेटा, माइक्रोसफ्ट) ले यही साझा मानवीय बौद्धिकतामाथि 'पेटेन्ट' र 'बौद्धिक सम्पत्ति अधिकार' को छद्मभेषी हतियार चलाएर कब्जा जमाएका छन् र यसलाई निजी नाफाको माध्यम बनाएका छन् । यो ज्ञानको निजीकरणविरुद्धको लडाइँ नै २१ औं शताब्दीको वर्गसङ्घर्ष हो ।

मार्क्सले पुँजीवादको त्यो ऐतिहासिक पासोलाई पनि देखाएका छन्, जसबाट पुँजीवाद कहिल्यै उम्किन सक्दैन । पुँजीवादी अर्थशास्त्रको जग नै मजदुरको श्रम शोषण गरेर नाफा कमाउनु हो । यदि अटोमेसन र एआईले मानव श्रमलाई पूर्ण रूपमा विस्थापित गरिदियो भने, पुँजीपतिले 'अतिरिक्त मूल्य' कहाँबाट प्राप्त गर्ने ? मेसिनले सामान उत्पादन त गर्न सक्छ, तर त्यसले अतिरिक्त मूल्य पैदा गर्न सक्दैन र उत्पादित सामान बजारमा किनिदिने उपभोक्ता (बेरोजगार बनिसकेका मानिसहरू) पनि बाँकी रहँदैनन् । यसरी, पुँजीवादले प्रविधिको उच्चतम विकास गरेर आफ्नै चिहान खन्ने वस्तुगत परिस्थिति निर्माण गर्छ ।

अन्ततः, यसले मानव जातिलाई श्रमको दासताबाट मुक्ति र 'मुक्त समय' (Disposable Time) को स्वर्णयुगतर्फ दिशानिर्देश गर्छ । साम्यवादको वास्तविक मापन मानिसले कति घण्टा घोटिएर काम गर्‍यो भन्ने कुराबाट हुँदैन, बरु उसले जीवन जीउनका लागि कति 'मुक्त समय' पाइन्छ भन्ने कुराबाट हुन्छ । जब प्रविधिले समाजका लागि आवश्यक भौतिक आवश्यकताहरू केही मिनेटमै पूरा गरिदिन्छ, तब मानिस चौबीसै घण्टा रोटीको लागि भौतारिने दासताबाट मुक्त हुन्छ । त्यो बचेको समयमा मानिसले कला, साहित्य, दर्शन र विज्ञानको विकासमा आफ्नो बहुआयामिक क्षमता उजागर गर्न पाउँछ । तसर्थ,




'गुन्द्रिस' को यो खण्डले स्पष्ट पार्छ कि आजको डिजिटल युगमा प्रविधि आफैंमा शत्रु होइन, बरु त्यस प्रविधिमाथिको पुँजीवादी स्वामित्व नै मानवताको सबैभन्दा ठूलो शत्रु हो । यसलाई जनशास्त्रीय स्वामित्वमा ल्याउनु नै आजको क्रान्तिकारी कार्यभार हो ।

# अल्गोरिदम : साम्राज्यवादको नयाँ रूप

● लाओस राई

कार्ल मार्क्सले जब आफ्नो राजनीतिक अर्थशास्त्रको सिद्धान्तमा 'आर्थिक आधार' र 'उपरिसंरचना' को जग खनेका थिए, उनको त्यो आर्थिक उपरिसंरचना भत्काउनुपर्छ वा त्यसको आमूल परिवर्तन गर्नुपर्छ भन्ने विचारले विश्वभरि नयाँ तरङ्ग पैदा गऱ्यो । त्यो विचारले पुँजीवादीहरूलाई नयाँ चरणमा जान बाध्य गरायो । यसलाई अझ यसरी भनौं- सबै उत्पादनका साधनहरू भौतिक र दृश्यमान थिए, जस्तै कारखानाका मेसिन, भूमि, सेना, कानुन, राज्यका नोकरसाही संयन्त्र तथा राज्यका संरचनामा पुँजीवादीहरूको आधिपत्य थियो । शताब्दीयौंसम्म पुँजीवादले यिनै भौतिक संरचनाहरूमार्फत श्रमको शोषण र मानव चेतनाको नियन्त्रण गरिरह्यो । एक्काइसौं शताब्दीको यो तेस्रो दशकसम्म आइपुग्दा पुँजीवादले आफ्नो रूपलाई यति अभौतिक र सूक्ष्म बनाएको छ कि अब यसलाई चिन्न पुरानो विचार र चस्मा मात्र पर्याप्त हुँदैन । आजको नवउदारवादी विश्व पुँजीवादले मानिसको भौतिक शरीरलाई बन्दी बनाउन छाडेर सिधै उसको मगज र चेतनामाथि शासन गर्न आइपुगेको छ । यो नयाँ साम्राज्यको सबैभन्दा घातक र अदृश्य हतियार हो- अल्गोरिदम ।

साम्राज्यवादको नयाँ रूप अल्गोरिदम के हो त ? के यो वास्तवमै घातक नै हो ? आज यी दुई कुरामा केन्द्रित हुँदै राजनीतिक आन्दोलनलाई यसले दुस्मनका रूपमा कसरी हेर्छ भन्नेदेखि युवाको सिर्जनशीलता र सङ्घर्षशील क्षमतालाई कसरी निस्तेज गर्छ भन्ने कुरामा केन्द्रित हुन्छौं ।

मूलतः अल्गोरिदम कम्प्युटर प्रयोग हुने प्रणाली वा प्रक्रिया मात्र हो । सजिलो भाषामा भन्दा अल्गोरिदम भनेको कुनै पनि काम पूरा गर्न वा समस्या सुल्झाउन कम्प्युटरलाई दिइने 'क्रमबद्ध निर्देशनहरूको सूची' हो । वास्तवमा कम्प्युटरसँग हामी मानवमा जस्तो चेतना वा विवेक हुँदैन । त्यसैले हामीले उसलाई बुझिने भाषामा एक-एक गरी नियमहरू सिकाइदिनुपर्छ ।

जस्तै, हामीलाई 'चिया पकाउनु' छ । चिया पकाउने एउटा निश्चित र क्रमिक विधि हुन्छ- भाँडोमा पानी बसाल्ने, पानी उम्लिएपछि चियापत्ती हाल्ने, त्यसपछि दूध र चिनी मिसाउने । केही बेर उमालेपछि चिया कपमा छान्ने ।

हामीले पानी उम्लिनुअघि नै सुक्खा भाँडोमा चिनी र चियापत्ति हाल्यौं भने चिया बिग्रिन्छ । अर्थात्, चिया पकाउन निश्चित नियम र सही क्रम चाहिन्छ । हो, कम्प्युटर विज्ञानमा यही नियम र सही क्रमको विधिलाई नै 'अल्गोरिदम' भनिन्छ । तर, यही विधिलाई अल्गोरिदमले आफ्नो बौद्धिक क्षमताअनुसार व्याख्या गर्दै गयो र यसलाई बाघभन्दा पनि खतरनाक हो भन्ने चर्चा चल्न थाल्यो । त्यसपछि यसको चर्चा राजनीतिमा धेरै हुन थाल्यो ।

राजनीतिक अर्थशास्त्रको दृष्टिकोणबाट भन्दा अल्गोरिदम भनेको २१ औं शताब्दीको वित्तीय र बहुराष्ट्रिय पुँजीवादले आममानिसको समय, ध्यान, उपभोक्तावादी व्यवहार र राजनीतिक चेतनालाई आफ्नो नियन्त्रणमा राख्न निर्माण गरेको 'अदृश्य डिजिटल नोकरसाही' हो । मार्क्सवादी कसौटीमा यसको राजनीतिक आयामलाई तीनवटा मुख्य बुँदामा परिभाषित गर्न सकिन्छ ।

**ध्यानको चोरी र नयाँ अतिरिक्त मूल्य**

एन्टोनियो ग्राम्सीले शासकवर्गले आफ्नो 'सांस्कृतिक आधिपत्य' टिकाउन विद्यालय, मिडिया र चर्चजस्ता संस्थाहरू प्रयोग गर्छन् भनेका थिए । आज अल्गोरिदम आफैंमा सबैभन्दा ठूलो 'डिजिटल उपरिसंरचना' बनेको छ । यसको राजनीतिक परिभाषा यो हो कि यसले समाजमा स्थापित राजनीतिक व्यवस्थाहरू, जस्तै नवउदारवाद र उपभोक्तावादविरुद्ध कुनै गम्भीर वैचारिक विकल्प जन्मनै दिँदैन । यसले युवाहरूलाई स्थापित आर्थिक बेथितिका विरुद्ध सडकमा सङ्गठित हुनबाट रोक्छ र उनीहरूको आक्रोशलाई टिकटक वा फेसबुकका 'लाइक', 'कमेन्ट' र क्षणिक संवेगमै अल्झाएर समाप्त पारिदिन्छ ।

**वर्ग विभाजन र 'प्रिकारियट' को नियन्त्रण**

राजनीतिक रूपमा अल्गोरिदम आजको नयाँ वर्ग (प्रिकारियट : अनिश्चित श्रमजीवीवर्ग) लाई नियन्त्रण गर्ने आधुनिक कारखाना-चाबुक हो । पठाओका राइडर, अनलाइन डेलिभरी गर्ने युवा वा संसारभर छरिएका फ्रिलान्सरहरू कुनै भौतिक मालिकको अगाडि झुक्दैनन् तर उनीहरू मोबाइलको 'अल्गोरिदम' र त्यसको 'रेटिङ' को इसारामा दिनरात कुद्न बाध्य छन् । मालिक अदृश्य छ तर शोषण झन् कडा र निर्मम छ ।

हिजो पुँजीवादले मानिसको शरीर र श्रमलाई फलामे साङ्लोले बाँधेर कलकारखानामा राख्थ्यो भने आजको पुँजीवादले 'अल्गोरिदमको अदृश्य साङ्लो' का माध्यमले मानिसको दिमाग र औँलाहरूलाई मोबाइलको स्क्रिनमा बाँधेर संसारकै सबैभन्दा ठूलो डिजिटल कारखानामा उपभोक्ता र अदृश्य मजदुर दुवै बनाइरहेको छ । सिर्जनशील युवाहरूको विद्रोहको चेतना नै समाप्त पारिदिने यो डिजिटल प्रणाली नै अल्गोरिदमको वास्तविक राजनीतिक रूप हो ।

हिजोका साम्राज्यवादीहरूले देश कब्जा गर्न र आफ्नो विचार लाद्न भूगोलमा सेना पठाउँथे । साम्राज्यवादी नीतिबारे एन्टोनियो ग्राम्सीले भनेका छन्, 'शासकवर्गले आफ्नो सांस्कृतिक आधिपत्य टिकाइराख्न विद्यालय, सञ्चारमाध्यम र धार्मिक संस्थाहरूको सहारा लिन्थे ।' आज सिलिकन भ्यालीका मुट्ठीभर बहुराष्ट्रिय कम्पनीहरूले निर्माण गरेको 'अल्गोरिदमको साम्राज्य' ले भौतिक सेना र परम्परागत संस्था दुवैलाई विस्थापित गरिदिएको छ ।

आजको युवा पुस्ताले बिहान आँखा खोलेदेखि राति नसुतदासम्म जुन स्मार्टफोनको स्क्रिन नियाल्छ, त्यसभित्र एउटा अदृश्य डिजिटल उपरिसंरचना क्रियाशील छ । जस्तो कि टिकटक, फेसबुक, इन्स्टाग्राम र युट्युबका स्क्रोलिङ रिल्स र सर्ट्सहरू सामान्य मनोरञ्जनका साधन मात्र होइनन्, यी युवा चेतनालाई एउटा निश्चित उपभोक्तावादी घेराभित्र बन्दी बनाउने आधुनिक हत्कडी हुन् ।

अल्गोरिदमको साम्राज्यले आजको पुस्तामाथि मुख्यतः दुई ठूला अपहरण गरिरहेको छ ।

पहिलो, क्रान्तिकारी चेतनाको अपहरण । मार्क्सले इतिहासका क्रान्तिहरूको विश्लेषण गर्दा वर्ग-चेतना र वैचारिक जागरणलाई प्राथमिक सर्त मानेका थिए । उनको विश्लेषण पढेर नयाँ पुस्ताले अझै नयाँ विचार निर्माण गर्थे । त्यो विचारलाई समाजमा लागू गर्नु ठूलो विद्रोह, क्रान्ति गर्थ्यो । यता त्यही विचारको माध्यमले ठूलठूला वैचारिक तथा राजनीतिक आन्दोलनहरू चलाइरहन्थ्यो । जस्तैः- चीनमा चिनियाँ जनक्रान्ति, इन्डोनेसियाली कम्युनिस्ट क्रान्ति । तर, आजको १५ सेकेन्डको डिजिटल अल्गोरिदमले मानिसको गम्भीरतापूर्वक सोच्ने, विश्लेषण गर्ने र सङ्गठित हुने क्षमतालाई क्षतविक्षत पारिदिएको छ । युवाहरूलाई निरन्तर क्षणिक आनन्दको कुलतमा फसाएर समाजका वास्तविक र निर्मम आर्थिक सङ्कटहरू, जस्तै बेरोजगारी, बढ्दो वर्ग-विभेद र पराश्रित उत्पादन प्रणालीबाट ध्यान पूर्ण रूपमा भड्काइदिएको छ । परिणामस्वरूप आजको पुस्ता व्यवस्थाप्रति आक्रोशित छ तर त्यो आक्रोश कुनै वैचारिक क्रान्तिमा बदलिनुको सट्टा 'भर्चुअल' दुनियाँको गालीगलौज, ट्रोल र रमाइलोमा सीमित भइरहेको छ । यो डिजिटल युगको एउटा भयानक 'भर्चुअल थर्मिडोर' हो, जहाँ क्रान्तिको सम्भावना अङ्कुरमै निसासिन्छ ।

दोस्रो, श्रम र पहिचानको वस्तुकरण । पुँजीवादको नियम नै हरेक अभौतिक कुरालाई बजारमा बिक्ने वस्तुमा बदल्नु हो । अल्गोरिदमको यो खेलमा आजको युवा पुस्ता उपभोक्ता मात्र होइन, आफैंमा एउटा वस्तु बनेको छ । युवाहरूको हरेक 'लाइक', 'सेयर', 'क्लिक' र अनलाइन व्यवहारलाई डाटाका रूपमा सङ्कलन गरेर वैश्विक पुँजीवादी बजारमा अर्बौं डलरमा बेचिने गरिन्छ । एकातिर, यो डिजिटल सञ्जालले युवाहरूलाई सस्तो र भ्रमपूर्ण उपभोगको लत लगाउँछ भने अर्कातिर यही पुँजीवादी चक्रले नेपालजस्ता तेस्रो विश्वका देशहरूको आन्तरिक उत्पादन प्रणालीलाई ध्वस्त पारेर तिनै युवाहरूलाई खाडी वा मलेसियाका मरुभूमिमा सस्तो श्रम बेच्न बाध्य तुल्याउँछ । स्क्रिनमा देखिने रङ्गीन डिजिटल संसार र खाडीको तातो बालुवामा बग्ने नेपाली युवाको पसिना वास्तवमा एउटै वैश्विक पुँजीवादी सिक्काका दुईवटा पाटा हुन् ।

**डिजिटल पुस्ता र परम्परागत राजनीतिबिच वैचारिक द्वन्द्व**

प्रविधिको विकासले विश्वलाई एउटा औँलाको क्लिकको अवस्थामा पुऱ्याइदिएको छ । त्यसले विश्वका कुनै पनि कुनामा बसेर सबै गतिविधिको जानकारी सहज ढङ्गले लिन सक्ने अवस्था पुगेको छ । यही अवसरलाई प्रयोग गर्दै डिजिटल पुस्ताले राज्यसत्तालाई चुनौती दिइरहेका छन् । नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि यो द्वन्द्व सतहमा आइसकेको छ । परम्परागत राजनीतिक दलहरू अझै पनि उन्नाइसौं वा बीसौं शताब्दीको साङ्गठनिक ढाँचा, दस्तावेज र भाषणको शैलीमा बाँचिरहेका छन् भने अर्कोतर्फ, भूमण्डलीकरणको हुरीले चेतना निर्माण भएको नयाँ युवा वर्ग छ, जसको संसार अल्गोरिदमले डोऱ्याएको छ । उनीहरूलाई पुराना दलहरूको वैचारिक जडता र 'क्रान्तिका पुराना संस्मरण' मा कुनै रुचि छैन । उनीहरू तत्काल परिणाम, प्रविधि र सहजता चाहन्छन् ।

नेपालमा हालैका दिनमा परम्परागत राजनीतिक शक्तिहरू र सामाजिक सञ्जालको लहरबाट उदाएका नयाँ 'पपुलिस्ट' शक्तिहरूबिच जुन राजनीतिक द्वन्द्व निर्माण भएको छ, त्यो वास्तवमा परम्परागत राजनीतिक वर्ग र अल्गोरिदमले निर्माण गरेको नयाँ प्राविधिक-सचेत वर्गबिचको टकराहटको परिणाम हो । वास्तवमा यो बहुराष्ट्रिय कम्पनीका मालिकहरूले अहिलेसम्मका चर्चित विचार, सिद्धान्त र राजनीतिक व्यवस्थाविरुद्ध गरिएको अदृश्य आक्रमण हो ।

*- 'नागरिक' दैनिकबाट*

## हार्दिक समवेदना

जन्म
२०१४/०६/१३



स्वर्गारोहण
२०८३/०३/११

हाम्रो आत्मीय मित्र राधेश्याम लाखाका पूजनीय पिता **आसकुमार लाखा**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**२ गते साथीभाइ समूह**
चोर्चा, भक्तपुर

***भक्तपुर...***

पहुँचमा ल्याउन समन्वयात्मक रूपमा काम गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख डा. रत्नसुन्दर लासिवाले पूर्ण खोप सुनिश्चितता विभिन्न सङ्क्रामक रोगबाट बालबालिकालाई जोगाउने प्रभावकारी माध्यम भएको बताउँदै पूर्ण खोप सुनिश्चितता अभियानले खोपबाट छुटेका बालबालिकासमेत पहिचान गरी खोप लगाउने अवसर प्रदान गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका खोप फोकल पर्सन कमलकेशरी राजचलले भक्तपुर नगरपालिकाको पूर्ण खोप सुनिश्चितताको वर्तमान अवस्था, खोप कार्यक्रमको प्रगति, खोपको पहुँच तथा उपलब्धिसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख अन्जना खड्काले नगर प्रमुख सुनिल प्रजापतिलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना प्रमाणपत्र हस्तान्तरण गर्नुभयो । त्यसैगरी नगर प्रमुख प्रजापतिले जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरलाई मायाको चिनो स्वरूप भक्तपुरको मौलिक कला झल्कने मयुरको झ्याल प्रदान गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

***जाँचबुझ...***

फुटाइदिए । मेरो करिब १, ००,०००/- एकलाख जतिको क्षति भएको छ ।

**लक्ष्मण श्रेष्ठको कागज व्यहोरा** :

मेरो घर नयाँ बानेश्वर रत्नराज्यलक्ष्मी कलेज सडक खण्डमा आइप्लेक्स मलको विपरीत संसद् भवनतर्फ रहेको छ । २०८२ भदौ २३ गते करिब १२:०० बजेसम्म स्थिति सामान्य थियो । दिनको १३:०० बजेतिर पुरानो बानेश्वरतर्फबाट स्कूल-कलेज ड्रेसमै विद्यार्थीको भिड नारा लगाउँदै संसद् भवनतर्फ बढेको थियो । अराजक भिडले जथाभावी ढुङ्गामुढा गरे । भिडले मेरै पसल अगाडि एउटा एम्बुलेन्सलाई पनि तोडफोड गरिदिए र एक नम्बर गेटमा आगजनीसमेत गरेछन् । गोली लागेका एकजना प्रदर्शनकारीलाई मोटरसाइकलमा राखेर यस कलेजको बाटो हुँदै उपचारको लागि लगेको देखेको हुँ । दिनभर संसद् भवन वरपर तनावपूर्ण अवस्था रह्यो । सडकमा आवतजावत गर्ने अवस्थासमेत थिएन । साँझ १९ बजेमात्र नयाँ बानेश्वर एरियाको सडकमा सामान्य अवस्था बनेको थियो । राति सामाजिक सञ्जालबाट धेरै मानिसहरूको मृत्यु भएको र घाइते भएको थाहा पाएँ ।

### कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भक्तपुर ट्रक व्यवसायी संघ

लिबाली, भक्तपुर-८



**यस संघका सदस्य श्री नरेश गोठे मिति २०८३ वैशाख २७, २८ र २९ गते पोखरामा सम्पन्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको ७ औं महाधिवेशनबाट वाग्मती प्रदेश यातायात समितिको सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा**

**हार्दिक बधाई तथा शुभकामना**

**व्यक्त गर्दै कार्यकाल पूर्ण सफलताको कामना व्यक्त गर्दछु ।**

**अध्यक्ष**
**लक्ष्मीप्रसाद गोरा**

## हार्दिक समवेदना

जन्म
२०१४/०६/१३



स्वर्गारोहण
२०८३/०३/११

यस संस्थाका कर्मचारी सरू लाखाका पूजनीय पिता तथा सदस्यता नं ९४९२ का सदस्य **आसकुमार लाखा**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.-९

## हार्दिक समवेदना

जन्म
१९९९/०६/१९



स्वर्गारोहण
२०८३/०३/१४

यस श्री हनुमानघाट रामायण भजन मण्डलका आदरणीय ज्येष्ठ नागरिक तथा प्रभातकालीन र सन्ध्याकालीनका नायबा **हरिराम त्वाती**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतआत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकोस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री हनुमानघाट रामायण भजन मण्डल परिवार**
भ.न.पा.-७, राम मन्दिर, भक्तपुर

## हार्दिक समवेदना

जन्म
२००१/०४/०५



स्वर्गारोहण
२०८३/०३/०६

हाम्रा आत्मीय मित्र सत्यराम बोहजुका पूजनीय बुबा **बिकुराम बोहजु**को दुःखद निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| राजु बासी | विश्वनाथ मगजु | राजकुमार माकजु |
| पुण्यराम बोहजु | विकास बोहजु | कृष्णभक्त कोण्डा |
| राकेश बरिया | कृष्णराम लवजु | कृष्णप्रसाद बोहजु |
| न्हुछेकुमार प्रजापति | लक्ष्मीनारायण लवजु | ज्ञानेन्द्र मगजु |
| श्यामसुन्दर प्रजापति | विश्वराम खाईजु | रामकृष्ण गाईजु |

## हार्दिक समवेदना

जन्म
२००१/०४/०५



**बिकुराम बोहजु**

स्वर्गारोहण
२०८३/०३/०६

यस पार्टी समितिका सदस्य तथा पुराना किसान कार्यकर्ता **बिकुराम बोहजु**को अकल्पनीय निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
८ नं. वडा एकाइ समिति
**नेपाल क्रान्तिकारी किसान सङ्घ**
८ नं. वडा समिति

## हार्दिक समवेदना

जन्म
२०६०/०२/०२



स्वर्गारोहण
२०८३/०३/१४

यस नेमकिपा १ वडा पार्टी समितिका सदस्य पुण्यराम बाईजुका प्रिय पुत्र **पुजन बाईजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेमकिपा, १ वडा पार्टी समिति**
**ने.क्रा.कि.सङ्घ, १ वडा समिति**
**नेमकिपा, भार्वाचो एकाइ समिति**
**नेमकिपा, नःपलि, श्रृजनानगर एकाइ समिति**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा